संस्था दर्ता नं.: ७६०/१४/०५१/०५२
पान नं.: ३०३२९६६०७

समुदायको उत्कृष्ट वित्तीय र व्यावसायिक साकोस

# जनकल्याण
## बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## Janakalyan Saving & Credit Co-operative Ltd.

नेफ्स्कून




- उत्कृष्ट बचत कारोबार संस्था (राष्ट्रिय सहकारी बैंक) पुरस्कार २०७३
- उत्कृष्ट बचत कारोबार संस्था (नेफ्स्कुन) पुरस्कार २०७५
- कर्णाली प्रदेश स्तरीय उत्कृष्ट साकोस २०७६ (नेफ्स्कून)
- कर्णाली प्रदेश स्तरीय उत्कृष्ट साकोस २०७७ (राष्ट्रिय सहकारी वैंक)
- कर्णाली प्रदेश स्तरीय उत्कृष्ट व्यवस्थापक २०७८ (नेफ्स्कून)

२७औं वार्षिक साधारणसभा

### २७औं वार्षिक साधारणसभामा प्रस्तुत

# प्रगति प्रतिवेदन र नीति तथा कार्यक्रम पुस्तिका-२०७९

वीरेन्द्रनगर-१, बाङ्गेसिमल, सुर्खेत
फोन नं.: ०८३-४१२२५०
E-mail: janakalyanskt@gmail.com
www.janakalyansaccos.org.np

## सञ्चालक समिति



महेन्द्रप्रसाद शर्मा
**अध्यक्ष**



खगेन्द्रप्रसाद थानी
**उपाध्यक्ष**



चन्द्रबहादुर सुनार
**सचिव**



हरिप्रसाद पौडेल
**कोषाध्यक्ष**



रमेशप्रसाद दाहाल
**सदस्य**



टीकाराम आचार्य
**सदस्य**



लक्ष्मी खड्का
**सदस्य**



यामकुमारी घर्ति भुजेल
**सदस्य**



डिलसरा वली
**सदस्य**



दुर्गबहादुर लामिछाने
**सदस्य**



सुनिता वि.क.
**सदस्य**

## लेखा सुपरिवेक्षण समिति



लालबहादुर खत्री
**संयोजक**



तेज सोनाम
**सदस्य**



राकेश पौडेल
**सदस्य**

## ऋण उप-समिति



यामकुमारी घर्ति भुजेल
**संयोजक**



कविराम फौजा
**सदस्य**



गीता नेपाली
**सदस्य**

## सामाजिक समन्वय उप-समिति



लक्ष्मी खड्का
**संयोजक**



दिनेश खत्री
**सदस्य**



तुल्सीप्रसाद अधिकारी
**सदस्य**

## सल्लाहकार समिति



बालाराम शर्मा
**संयोजक**



शोभान सिं वली
**सदस्य**



हरिलाल ढुङ्गाना
**सदस्य**



टिका कु. अधिकारी
**सदस्य**

## शिक्षा उप-समिति



टिकाराम आचार्य
**संयोजक**



लक्ष्मणप्रसाद शर्मा
**सदस्य**



नविनकुमार कंडेल
**सदस्य**

स.का.द.नं.७६०/१४/०५१/०५२ पान नं.: ३०३२९६६०७ फोन नं.:०८३-४१२२५०

# जनकल्याण
## बचत तथा ऋण सहकारी संस्था लिमिटेड
## Janakalyan Saving & Credit Co-operative Ltd.

वीरेन्द्रनगर-१
बाङ्गेसिमल, सुर्खेत

पत्र संख्या :०७९/०८०
चलानी नम्वर : ७४

मिति: २०७९/०५/३०

**शेयर सदस्य श्री** ............................................................ ज्यू
...................................................................................

विषय: **साधारणसभामा उपस्थित हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस संस्थाको सञ्चालक समितिको मिति २०७९ भाद्र ४ गते बसेको बैठकको निर्णयानुसार संस्थाको विनियमको दफा २९ बमोजिम २७ औं बार्षिक साधारणसभा तपशिलमा उल्लेखित प्रस्तावहरु माथि छलफल हुने गरी निम्न बमोजिमको मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले यहाँको अनिवार्य उपस्थितिको लागि अनुरोध गरिन्छ।

**निम्न:**
मिति: २०७९ आश्विन २९ गते शनिबार
समय: बिहान १०:०० बजेदेखि
स्थान: वी.न.न.पा. १ मा रहेको पब्लिक एकेडेमी पश्चिम तर्फको प्राङ्गणमा

**साधारण सभामा छलफलका लागि पेश हुने प्रस्तावहरु:**

१. सभाको गणपुरक संख्या सम्बन्धमा।
२. सञ्चालक समितिको तर्फबाट आ.व. ०७८/०७९ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. ०७९/०८० को प्रस्तावित नीति तथा कार्यक्रम सम्बन्धमा ।
३. सञ्चालक समितिको तर्फबाट आ.व. ०७८/०७९ को आर्थिक प्रतिवेदन र आ.व. ०७९/०८० को प्रस्तावित बजेट सम्बन्धमा।
४. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
५. आ.व. ०७८/०७९ को वार्षिक लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा।
६. आ.व. ०७९/०८० को लागि बाह्य लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा।
७. आ.व. ०७८/०७९ को शेयर लाभाशं वितरण सम्बन्धमा।
८. आ.व. ०७८/०७९ को संरक्षित पुँजी फिर्ता कोष वितरण सम्बन्धमा।
९. संस्थाको पुर्नलिखित विनियम स्वीकृत सम्बन्धमा।
१०. संस्थाको आन्तरिक कार्यविधि, नीति निर्देशिका निर्माण, परीमार्जन तथा पुनरलेखन सम्बन्धमा।
११. सञ्चालक समितिको निर्वाचन सम्बन्धमा।
१२. लेखा सुपरीवेक्षण समितिको निर्वाचन सम्बन्धमा।
१३. साधारणसभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि छनौट सम्बन्धमा।
१४. विशेष प्रस्तावहरु सम्बन्धमा।

.................................
(महेन्द्रप्रसाद शर्मा)
अध्यक्ष

**पुनश्च:** संस्थामा नियमित बचत नगरेका र ऋणको साँवा ब्याज नियमित रुपमा भुक्तानी नगरेका सदस्यहरुलाई साधारण सभामा उपस्थित नगराइने हुँदा नियमित बचत र ऋणको साँवा ब्याज समेत भुक्तानी गर्नहुन अनुरोध छ। साथै २७औं वार्षिक साधारणसभा चुनावी साधारणसभा भएको हुँदा आफ्नो परिचय खुल्ने कागजात र पासवुक साथमा लिएर उपस्थित हुनुहुन यसै सूचना मार्फत अनुरोध गरिन्छ। ***उपस्थित शेयर सदस्यलाइ करकट्टी गरी रु. ५७०।- उपलब्ध गराइने छ ।***

# विजया दशमी,
# शुभ दिपावली एवम् छठ पर्व २०७९

को उपलक्षमा सम्पूर्ण शेयर सदस्य, बचतकर्ता, बाल बचतकर्ता, उद्योगी, व्यापारी, समाजसेवी, बुद्धिजीवी, कर्मचारी तथा शुभेच्छुक सम्पूर्ण महानुभावहरुमा सुख-शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय

# शुभकामना

व्यक्त गर्दछौं ।



**महेन्द्रप्रसाद शर्मा**
अध्यक्ष



एवम्

**श्री जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.**

**वीरेन्द्रनगर-१, बाङ्गेसिमल, सुर्खेत**

**परिवार**

# विषय-सूची


| विषयवस्तु | पेज नं. |
|---|---|
| **१ संस्थाको परिचय** | १ |
| **२. सञ्चालक समितिको तर्फबाट प्रस्तुत वार्षिक प्रगति प्रदिवेदन** | ४ |
| **३. सञ्चालक समितिको तर्फबाट प्रस्तुत आर्थिक प्रतिवेदन** | १६ |
| **४. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन** | ३१ |
| **५. ऋण उप-समितिको वार्षिक प्रतिवेदन** | ३६ |
| **६. शिक्षा उपसमितिको वार्षिक प्रतिवेदन** | ४० |
| **७. सामाजिक समन्वय उपसमितिको प्रतिवेदन** | ४३ |
| **८. लेखापरिक्षण प्रतिवेदन** | ४५ |
| **९. विगत ५ वर्षदेखि वृद्धिको अवस्था** | ६२ |
| **१०. संस्थाको २७औं स्थापना दिवसको अवसरमा सम्मानित, पुरस्कृत सदस्य तथा व्यक्तीहरु** | ६८ |
| १. मासिक नियमित बचत तर्फ (गोलाप्रथाबाट) | |
| २. पाँच सय भन्दा बढी मासिक नियमित बचत तर्फ (गोलाप्रथाबाट) | |
| ३. पच्चीस हजार भन्दा बढी शेयर तर्फ (गोलाप्रथाबाट) | |
| ४. नियमित ऋण भुक्तानी तर्फ | |
| ५. सर्वाधिक तर्फ | |
| ६. सामाजिक व्यक्तित्व सम्मान | |
| ७. उत्कृष्ट शेयर सदस्य | |
| ८. उत्कृष्ट कर्मचारी | |
| ९. मासिक रु. एक सयका दरले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिकहरुको विवरण | |
| १०. ७० देखि ७५ बर्ष सम्मका सम्मानीत जेष्ठ सदस्यहरुको विवरण | |
| **११. सुत्केरी पोषण खर्च बुझ्ने शेयर सदस्यहरुको विवरण** | ७३ |

## सहकारीका सिद्धान्तहरू

- ➢ स्वेच्छिक तथा खुल्ला सदस्यता (Voluntary & Open Membership)
- ➢ सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण (Member's Democratic Control)
- ➢ सदस्यहरुको आर्थिक सहभागिता (Member's Economic Praticiapation)
- ➢ स्वयत्तता र स्वतन्त्रता (Autonomy & Independence)
- ➢ शिक्षा, तालिम र सूचना (Education, Training & Informations)
- ➢ सहकारीहरुबीच पारस्परिक सहयोग (Co-operation among Co-operative)
- ➢ समुदायप्रति चासो (Concern Community)

## सहकारीको सप्तरंगी झण्डामा रहने रंग र अर्थ

**रातो** : समृद्धिको प्रतिक

**सुन्तला** : प्रगतिको प्रतिक

**पहेंलो** : न्यायको प्रतिक

**हरियो** : शान्तिको प्रतिक

**आकाशे** : अहिंसाको प्रतिक

**नीलो** : प्रेमको प्रतिक

**बैजनी** : सत्यको प्रतिक

## संस्थामा शेयर सदस्य बन्नका लागि चाहिने आवश्यकपर्ने कागजातहरू

| | |
|---|---|
| १. संस्थाको सेवा क्षेत्रभित्र वसोवास गर्ने व्यक्ति भएको प्रमाण पेश गर्नुपर्ने | |
| २. सदस्य बन्न चाहने व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपी | -१ थान |
| ३. सम्वन्धित व्यक्तिको पासपोर्ट साइजको फोटो | -२ थान |
| ४. इच्छाएको व्यक्तिको नेपाली नागरीकताको प्रतिलिपी | -१ थान |
| ५. इच्छाएको व्यक्तिको पासपोर्ट साइजको फोटो | -२ थान |
| ६. यदी वाह्य जिल्लाको नागरिकता भएमा कार्यक्षेत्र भित्रको वसोवास गरेको प्रमाण-पत्रको प्रतिलिपि | -१ थान |
| ७. बाहिरी जिल्लाको भए बसाइसराईको प्रमाण-पत्र अर्थात् सुर्खेत जिल्लामा जग्गा रहेको प्रमाण खुल्ने कागजातहरु | |
| ८. प्रसंस्थाको विनियमअनुसार सदस्यता बन्न आवश्यक रकम | |

# संस्थाको संक्षिप्त परिचय

१. **संस्थाको नाम** : जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.
२. **दर्ता मिति** : २०५२/०२/२८
३. **दर्ता नम्बर** : ७६०/१४/०५१/०५२
४. **पान नम्बर** : ३०३२९६६०७
५. **सदस्य संख्या** : २४४६
६. **कार्य क्षेत्र** : वीरेन्द्रनगर नगरपालिका वडा नं. १ देखि १४ र बराहताल गाउँपालिका वडा नं. ९ र १०
७. **संचालक समिति संख्या** : ११ जना
८. **कर्मचारि संख्या** : ६ जना

९. **लगानिका क्षेत्रहरु** :

- कृषी
- ब्यापार
- शिक्षा
- वैदेशिक रोजगार
- आवास निर्माण तथा जग्गा खरिद

१०. **लगानिको प्राथमिकता** :

- कृषी
- ब्यापार
- निम्न आय स्तर भएका महिला, दलित परिवार
- अपाङ्ग, घाईते, उत्पिडित तथा शहिद परिवार
- कोभिड १९ का कारण रोजगारी गुमाएकाहरु

११. **संस्थाको वित्तिय अवस्था** :

- शेयर पुँजी : रू. २,४८,१४,२००।-
- जगेडा कोष : रू. १,४१,८९,७४९।३४
- कुल बचत संकलन : रू. १८,९०,७३,७९३।५०
- ऋण लगानी : रू. २०,७४,१६,३०९।०६
- जग्गा : रू. १२,९९,३७५।-
- भवन : रू. १३,९१,३०७।४४

१२. **संस्थाको परिकल्पना** :

*"समुदायको उत्कृष्ट वित्तिय र व्यवसायिक साकोस"*

**१३. संस्थाको ध्येय :**

"सहकारी मूल्य, मान्यता र सिद्धान्तका आधारमा वित्तीय सेवा मार्फत सदस्यरूको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनलाई गुणस्तरीय र समृद्ध बनाउने ।"

**१४. संस्थाका उद्देश्यहरु :**

**क) दीर्घकालीन उद्देश्यहरू**

- सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनलाई गुणस्तरीय बनाउने,
- संस्थामा संलग्न सदस्यहरूबीच स्वाबलम्बन, पारस्परिक सहयोग एवं मितव्ययिताको अभिबृद्धि गर्दै बचत गर्ने बानीको विकास गर्ने,
- सदस्यहरूलाई सीप प्रदान गरी उत्पादनशील कार्यमा सहभागी गराउने,
- सदस्यहरूलाई स्वावलम्बी र आत्मनिर्भर बनाउने,
- सदस्यहरूका वित्तीय आवश्यकता परिपूर्ति गर्ने,
- सदस्यहरूको आय आर्जन क्षमतामा बृद्धि गर्ने,
- समाजमा सामाजिक एकता एवं पारस्पारिक सहयोग कायम गर्न सहयोग गर्ने,
- सदस्यहरूको आर्थिक सामाजिक तथा सांस्कृतिक विकास गर्ने,
- आफ्नो उद्देश्य पूरा गर्नका लागि समान उद्देश्य भएका स्थानीय, क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूसँग सहयोगात्मक भावना राख्ने,
- समाजका कमजोर वर्ग र निम्न आय भएका ब्यक्ति वा समूहको आर्थिक, सामाजिक उत्थानमा सहयोग पुऱ्याउने,
- संस्थागत विकास तथा दिगो सहकारी निर्माणमा विशेष ध्यान पुऱ्याउने ।

**ख). रणनीतिक उद्धेश्यहरू :**

- वित्तीय रूपमा सक्षम, सुरक्षित, र स्वस्थ संस्था बनाउने ।
- सदस्यहरूलाई गुणस्तरीय सेवा प्रदान गर्ने ।
- संस्थालाई पूर्ण ब्यवसायीक ढंगबाट सञ्चालन गर्ने ।
- संस्थाका सञ्चालक तथा कर्मचारीको ज्ञान तथा सिपमार्फत क्षमतावान वनाउने ।
- सदस्य सेवा, उत्पादन, सामुदायिक भावना र अन्य हरेक दृष्टिकोणबाट संस्थालाई उत्कृष्ट बनाउने ।

**१५. संस्थाको भौतिक अवस्था :**

(क) एकतले पक्कि घर (प्रवन्धक कक्ष, कर्जा फाँट, काउन्टर, लेखा फाँट, संचालक समिति कक्ष) र टिनले छाएको बैठक कक्ष ।

(ख) उपकरणहरु : कम्प्युटर- ५ सेट, ल्यापटप : २ थान, प्रिन्टर तथा फोटोकपि मेसिन : ४ थान, सोलार सहितको पावर ब्याकअप, बिलिङ मेसिन १ थान र स्क्यानर मेसिन १ थान

(ग) अन्य टेबुल, कुर्ची, दराज तथा आवश्यक फर्निचरहरु

**१६. संस्था आबद्धता :**

- जिल्ला बचत तथा ऋण सहकारी संघ, सुर्खेत
- जिल्ला सहकारी संघ, सुर्खेत
- प्रदेश बचत तथा ऋण सहकारी संघ, कर्णाली प्रदेश
- प्रदेश सहकारी संघ, कर्णाली प्रदेश
- नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ
- राष्ट्रिय सहकारी बैंक

**१७. अर्न्तराष्ट्रिय सहकारी सिद्धान्तहरु :**

(क) स्वैच्छिक तथा खुल्ला सदस्यता
(ख) सदस्यहरुद्धारा प्रजातान्त्रिक नियन्त्रण
(ग) सदस्यको आर्थिक सहभागिता
(घ) स्वायत्तता र स्वतन्त्रता
(ङ) शिक्षा तालिम र सुचना
(च) सहकारी संघ संस्थाहरुबिच पारस्परिक सहयोग
(छ) समुदाय तथा वातावरण प्रति चासो

## सदस्यहरुसँग यस सहकारी संस्थाको अनुरोध

१. संस्थाको सदस्यता नलिएका संस्थाको कार्यक्षेत्रभित्र बसोबास गर्ने असल र इमान्दार व्यक्तिहरुलाई संस्थाको सदस्य बन्न प्रेरित गरौं ।
२. आफ्नो भविष्यको खाँचो टार्न नियमित रुपमा बचत गर्ने बानी बसालौं ।
३. संस्थाको प्रत्येक क्रियाकलापमा सक्रिय रुपमा सहभागी भई संस्थाको गतिविधिहरुको जानकारी राखौं ।
४. संस्थाबाट प्राप्त हुने जुनसुकै सेवाको उपभोग गरौं ।
५. संस्थाको नियममानुसार पर्याप्त मात्रामा सुरक्षण राखिसकेसम्म उत्पादनशील, व्यवसायमूलक कामको लागि ऋण लिने गरौं ।
५. संस्थाको सञ्चालक समिति एवम् कर्मचारीहरुसँग नियमित रुपमा प्रत्येक्ष सम्पर्क राखी संस्थाको आर्थिक तथा अन्य गतिविधिको जानकारी लिने गरौं ।
६. संस्थाबाट लिएको ऋण रकमको साँवा तथा ब्याज संस्थाको नियमानुसार निर्धारित समयमा नै बुझाउने गरौं र गर्न लगाऔं ।
७. यो संस्था हामी सवैको साझा प्रयासबाट सञ्चालन भएको हुँदा यसको समुन्नतिमा संधै प्रयासरत रहौं ।

# २७औं वार्षिक साधारणसभामा प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन तथा आगामी वर्षको नीति तथा कार्यक्रम २०७९



*आदरणिय शेयर सदस्यज्यूहरु*

सबै सहकारी संस्थाहरुको नीतिगत व्यवस्था भए बमोजिम यस जनकल्याण साकोसले पनि आफ्नो विगतका २६ बर्षहरु जस्तै यो बर्ष पनि २७औं वार्षिक साधारण सभालाई हर्ष उल्लासका साथ सम्पन्न गर्न हामी यस स्थानमा उपस्थित भएका छौँ । यस्तो महत्वपुर्ण गरीमामय सभामा हाम्रो निम्तोलाई स्विकार गरी पाल्नु भएका आदरणिय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्युहरु, सम्मानित जेष्ठ सदस्यहरु, पुरस्कृत शेयर सदस्यज्युहरु, पत्रकार बन्धुहरु, समाजसेवि, संस्थाका संस्थापक अध्यक्ष पदाधिकारी तथा सदस्यज्युहरु, लेखा समितिका संयोजक तथा सदस्य ज्यूहरु, वर्तमान संचालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, पूर्व तथा वर्तमान उप-समितिका सदस्यज्यूहरु तथा संस्थाका धरोहर शेयर सदस्यज्यूहरु र सल्लाहकार समितिका अध्यक्ष लगाएत सदस्यज्यूहरु तथा यस गरीमामय सभामा उपस्थित सज्जन वृन्दहरु सबैमा सहकारी अभिवादन व्यक्त गर्दछु।

*आदरणिय शेयर सदस्यज्यूहरु,*

२०५२ साल जेष्ठ २८ गते समाजसेवी श्री शोभान सिं वलीको अगुवाइमा भएको ५७ जना व्यक्तिहरुको भेलाले यस सहकारी लाई विधिवतरुपमा दर्ता गरी हालसम्म २६ वटा वार्षिक साधारणसभा सम्पन्न गरी २७औं साधारणसभाको पूर्व सन्ध्यामा उपस्थित छौं । यसले स्थापना काल देखि हाल सम्म विभिन्न आरोह अवरोह र चुनौतिहरु लाई परास्त गर्दै अघि बढिरहेको यहाँहरुको माझमा स्पष्ट छ । यो साकोस विभिन्न विधामा पुरस्कृत हुँदै आएको पनि छ । यसले पछिल्लो ४ बर्षमा २०७५ सालमा नेफ्स्कूनद्वारा उत्कृष्ट बचतकर्ताको रुपमा, २०७६ सालमा नेफ्स्कूनद्वारा प्रदेशकै उत्कृष्ट साकोस र २०७७ सालमा राष्ट्रिय सहकारी बैंकद्वारा कर्णाली प्रदेशको उत्कृष्ट साकोसको रुपमा पुरस्कृत भएको यस गरीमामय सभामा राख्न पाँउदा खुसी छु ।

*आदरणिय शेयर सदस्यज्यूहरु,*

सामुहिक हितका निमित्त संयुक्त स्वामित्व र लोकतान्त्रिक प्रक्रिया मार्फत संचालित सामाजिक सहभागितामुलक व्यवस्थापन विधि सहितको व्यवस्थित संरचनाको थलो सहकारी हो । छरिएर रहेको श्रम, सिप, प्रविधि र पुँजिलाई एकिकृत गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्दै सक्रिय अर्थतन्त्रमा योगदान पुर्याउने सामुदायिक व्यवसाय सहकारी हो । सहकारीता, समानता, सामाजिक न्याय, प्रजातान्त्रिक नियन्त्रण जस्ता सहकार्यका आधारमा उत्पादन, व्यवसायिक संगठन, आवश्यकताका आधारमा उपयोग, शेयरमा लाभांश, आन्तरिक नियन्त्रण सामाजिक जिम्मेवारी, समुदाय र वातावरण प्रतिको जिम्मेवारी जस्ता कार्य सहकारीका आधारभुत मान्यता का आधारमा स्थापित संस्था हो ।

*आदरणिय शेयर सदस्यज्यूहरु,*

हाम्रो सहकारी नीति, विधि र प्रविधिमा मात्र चल्ने संस्थाको रुपमा स्थापित भइसकेको छ। यो नेफ्सकुनमा आवद्ध भएर प्रोवेशन कार्यक्रमले अगाडी सारेका साकोस विकासका नीति विधिहरु सम्पूर्ण तयार भई ति सबैलाई पालन गरीरहेकाले नेफ्स्कुनले कर्णाली प्रदेश प्रथम र राष्ट्रिय सहकारी बैंक बाट पनि कर्णाली प्रदेश प्रथम भएर यसले अगाडी सारेका साकोस सुधारका का केयर कार्यक्रमलाई पनि साकोस द्वारा आवद्ध हुने निर्णय गरी अगाडी बढिरहेको छ।

*आदरणिय शेयर सदस्यज्यूहरु,*

अब म २३औं साधारणसभा देखि २७औं साधारणसभा सम्म विभिन्न विधामा संस्थाको ४ वर्षको अवस्था र २६औं साधारणसभा पश्चात २७औं साधारणसभा सम्म १ बर्षको अवधिमा संस्थामा भए गरेका कामको विवरण गरीमामय सभामा राख्न चाहान्छु।

## १) पछिल्लो चार बर्षे कार्यकालको समिक्षा

२०७५ साल कार्त्तिक ९ गते सम्पन्न भएको २३औँ वार्षिक साधारणसभाबाट गठित वर्तमान सञ्चालक समितिको कार्यकाल कोभिड १९ को महामारी र चरम आर्थिक मन्दीको अवरोधसँग संघर्ष गरेर पनि उत्साहजनक रुपमा सम्पन्न भएको छ। यस अवधिमा संस्थाले प्राप्त गरेका उपलब्धिहरुलाई निम्नानुसार प्रस्तुत गरेको छु।

**क) वित्तिय विवरण एवम् सदस्यता वृद्धि:**

| क्र. सं. | विवरण | आ.व. ०७४/०७५ | आ.व. ०७५/०७६ | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ |
|---|---|---|---|---|---|---|
| १ | सदस्य संख्या | १०६५ | १७४५ | १९८८ | २२२५ | २४४६ |
| २ | कुल दायित्व र सम्पत्ति | ८,२८,५८,८७१.०३ | १२,२५,८२,७७९.१९ | १५,६७,८२,९०३.१६ | २०,५१,४२,१७३.७२ | २५,३२,५२,५९६.५० |
| ३ | शेयर पूँजी | १०९३२,०००.०० | १,५६,६८,२००.०० | १,७४,३३,४००.०० | २,०२,१३,७००.०० | २४८१४२००.०० |
| ४ | जगेडा कोष | २३,८६,८३१.८९ | ४४,८०,९०२.३१ | ६५,२२,२५०.६१ | १,०१,९१,०४९.५१ | १४१८९७४९.३४ |
| ५ | बचत निक्षेप | ६,४५,५९,७९१.९२ | ७,६०,९९,८८३.६८ | १०,९८,६२,७१०.०० | १६,३४,२७,६३१.८२ | १८९०७३७९३.५० |
| ६ | ऋण लगानी | ५,८८,७२,५४९.०० | १०,३२,६२,४२५.०० | १३,२२,२५,५८१.२९ | १६,५५,१३,८९१.३० | २०७४१६३०९.०६ |
| ७ | स्थिर सम्पत्ती | ११,२६,६४०.३८ | १६,४१,५२२.२८ | २५,७३,२४९.८९ | २९,२१,६६७.११ | ३९५८०६८.५७ |
| ८ | वित्तिय लगानी | ४१,५००.०० | ७,३७,२३६.०४ | ९,५६,२१४.०४ | २२,८३,००४.०६ | २३२१२३४.०८ |
| ९ | खुद बचत (नाफा) | २७,०८,२७८.६९ | ४०,३९,४४३.४१ | ३३,५७,४५२.४० | ६२,७८,१५७.४३ | ७०२६७८८.६७ |
| १० | ऋण सुरक्षण कोष | १६,००,०००.०० | ३५,९०,०००.०० | ४९,२८,१६५.५८ | ४९,२८,१६५.५८ | ७२५३०१२.०० |
| ११ | भाखा नाघेको ऋण | ५३.००% | १०.२१% | ८.६७% | ८.९१% | ५.२९% |

**ख) भौतिक व्यवस्थापन तथा प्रविधिको प्रयोग:**

संस्थाको स्वामित्वमा रहेको जग्गामा बनेको एकतले भवनको भित्री लेआउट परिवर्तन गरी शाखा अनुसार छुट्टाछुट्टै कार्यकक्ष, सुरक्षित काउन्टर, रिसेप्सन, सदस्य पालो पर्खने स्थानको व्यवस्थापन गरियो । संस्थाको कार्यालयलाई आकर्षक बनाउन रंगरोगन, टायल तथा मार्वल लगाउने र संस्थाको स्वामित्वमा रहेको जग्गा सुरक्षित गर्नका लागि तारबार गर्ने कार्य सम्पन्न भएको छ । संस्थाको सम्पुर्ण वित्तिय कारोबार क्लाउडवेस सर्भरमा सुरक्षित गरी मोबाइल बैंकिङ एप्लिकेसनको सुविधा थप गरिएको छ भने संस्थालाई सुशासन र पारदर्शी बनाउनका लागि संस्थाको आफ्नै वेभसाइट तथा डिजिटल सूचना पार्टीको स्थापना गरी निरन्तर सञ्चालन गरिएको छ । सबै कर्मचारीहरुलाई आवश्यक तालिम प्रदान गरी संस्थाको प्रविधि प्रयोग गर्न सक्ने गरी क्षमतावान बनाईएको छ ।

**ग) नीति/कार्यविधि निर्माण तथा प्रकाशन:**

यस अवधिमा संस्था सञ्चालनका लागि आवश्यक आधारभुत लगाएत अन्य विभिन्न ३७ वटा नीति तथा कार्यविधिको निर्माण एवं ३ वर्षे रणनीतिक व्यवसायीक योजना निर्माण गरी सोहि नीतिका आधारमा संस्था चलिरहेको छ । यसका अतिरिक्त संस्थाको वार्षिक कार्यक्रममा आधारित रहेर हरेक बर्ष क्यालेण्डर प्रकाशनको सुरुवात गरिएको छ । सदस्यहरुको व्यवसाय प्रर्वद्धनमा सहयोगका लागि प्रकाशित क्यालेण्डरमा सदस्यको व्यवसायको विज्ञापन राख्ने कार्यको समेत सूरुवात भएको छ । यस अवधिमा संस्थाको २५ बर्षे स्मारिका प्रकाशन गरी सदस्यहरु बीचमा खुशि साट्ने कार्य समेत भएको छ । साथै संस्था विगतका चुनौतीहरुका बीचबाट बलियो भई उठेको इतिहास बोक्ने भिडियो वृत्तचित्र समेत निर्माण गरिएको छ ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

अब म २६औं साधारण सभा पश्चात यो २७औं साधारण सभा सम्म एक वर्षको अवधिमा संस्थामा भए गरेका कामको विवरण यहाँहरु समक्ष राख्न चाहान्छु ।

## १) संस्थागत निर्णय र नीति तथा कार्यविधिको अवस्था

२६औं साधारण सभाबाट पारित गरिएको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वियन गर्न र गराउन संचालक समितिका २० वटा बैठकहरु सम्पन्न गरी जम्मा १५७ वटा निर्णयहरु गरिएका छन । सबै विभिन्न उप-समिति तथा कार्यदलका ४२ वटा बैठक बसि ७९ वटा निर्णय गरी कार्यान्वियन गरेको र गराइएको छ । लेखा सुपरिवेक्षण समितिका ४ वटा बैठक बसि दिएका सुझावहरुलाई अक्षरस सुधार गरिदै आइएको छ ।

## २) शेयर सदस्य, शेयर पूँजी र बचत बृद्धिको अवस्था

यस बर्ष संस्थामा ७७५ जना नयाँ शेयर सदस्य थप गरी शेयर सदस्यको संख्या ३००० पुर्‍याउने लक्ष्य राखिएकोमा विविध कारणले लक्ष्य अनुरुप प्रगती भएको देखिँदैन । एक बर्षमा २७५ जना मात्र नयाँ शेयर सदस्य संस्थामा आवद्ध हुनुभएको छ भने संस्थाबाट यस वर्ष सदस्यता त्याग गर्नेको संख्या ५४ भएकाले आ.ब. को अन्त्यमा जम्मा सदस्य संख्या २४४६ कायम रहेको व्यहोरा यहाँहरु समक्ष निवेदन गर्न चाहान्छु ।

**आदरणीय शेयर सदस्यज्यूहरु**

संस्थाको शेयर पुँजी २०७७/७८ को अन्त्यमा २ करोड २ लाख १३ हजार ७ सय भएकोमा २०७८/७९ को अन्त्यमा कुल शेयर पुँजी २ करोड ४८ लाख १४ हजार २ सय पुगेको छ। यस्तै निक्षेप बचत तर्फ गत वर्ष २०७७/७८ मा १६ करोड ३४ लाख २७ हजार ६ सय ३१ रुपैयाँ ८२ पैसा भएकोमा आ.ब. २०७८/७९ को अन्तमा १८ करोड ९० लाख ७३ हजार ७ सय ९३ रुपैयाँ ५० पैसा पुगेको छ। विभिन्न बचत योजनाका परिवर्तित ब्याजदरहरु तालिका नं १ मा उल्लेख गरिएको छ।

## ३) ऋण लागानी र असुलीको अवस्था

ऋण लगानी र असुली बचत तथा ऋण सहकारीको मुटु भएकाले यसलाई समय सापेक्ष बनाउन र प्रभावकारी लगानी असुलीका कार्य सम्पन्न गर्नका लागि नीतिगत व्यवस्था गरिएको छ। संस्थाबाट संकलित सदस्यहरुको बचतलाई नीतिगतरुपमा विधि सम्वत तरिकाले राज्यले तोकेको मापदण्डलाई पूर्ण रुपमा पालना गर्दै साना व्यावसायमा लगानी बृद्धि गर्ने रोजगारी सृजना र आम्दानी बृद्धिको क्षेत्रमा परिचालन गर्ने प्रयास गरिएको छ। तसर्थ संस्थाको ऋण लगानी र असुलीलाइ प्रभावकारी बनाउन ऋण लिदा नै तोकिएको समयमा भुक्तानी गर्ने योजनालाई समयमा भुक्तानी गर्ने परम्पराको विकास गर्न अझै जरुरी छ। अत: संस्थाको उन्नति र प्रगति गर्नका लागि नियमित साँवा ब्याजको किस्ता भुक्तानि गरिदिनुहुन सदस्यहरुलाई विशेष आग्रह गर्दछु।

आर्थिक वर्ष २०७७/७८ मा १६ करोड ५५ लाख १३ हजार ८ सय ९१ रुपैयाँ ३० पैसा लगानी भएकोमा आ.ब. २०७८/०७९ मा २० करोड ७४ लाख १७ हजार ३ सय ९ रुपैयाँ ६ पैसा भएको छ। जुन गत वर्ष लगानीको तुलनामा २५.३१ प्रतिशतले बृद्धि भएको छ।

## ४) आम्दानी/खर्च र प्रतिफल

जसरी मानिसलाई जिवित रही सामान्य जीवन ब्यतित गर्नको लागि पनि शुद्ध रक्त संचार गर्नसक्ने स्वस्थ मुटुको महत्व हुन्छ त्यसै गरी हाम्रा जस्ता सहकारीलाई जिवितै राख्न ऋण लगानी र ब्याज असुली नै चाहिन्छ। ऋण लागानीबाट प्राप्त हुने ब्याज नै साकोसको आम्दानीको मुख्य स्रोत हो। आ.ब. २०७८/०७९ को अन्त्यमा तपशिल अनुसारको आम्दानी खर्च र शेयर पुँजीको प्रतिफल रहेको ब्यहोरा यो सम्मानित सभा समक्ष पस्कन चाहन्छु।

**आम्दानी तर्फ**

| | | |
|---|---|---|
| क) | ऋण लगानीबाट ब्याज प्राप्त | : रु. २,८८,२०,२६८।०३ |
| ख) | विभिन्न बैंक खाताहरुबाट ब्याज प्राप्त | : रु. १४,४१,०९३।४३ |
| ग) | लाभांश तथा संरक्षित पुँजी कोषबाट प्राप्त | : रु. १,८३,५६७।७९ |
| घ) | अन्य विभिन्न शीर्षकहरुबाट प्राप्त | : रु. २६,३६,७९५।८७ |
| | **कुल आम्दानी** | **: रु. ३३०८१७२५।१२** |

**खर्च तर्फ**

| | | |
|---|---|---|
| क) | विभिन्न बचत खाताको ब्याज खर्च | : रु. १,५९,६०,५६५।९७ |
| ख) | बाह्यिय ऋणको ब्याज खर्च | : रु. १७,४६६।०० |
| ग) | असल ऋणीलाई ब्याज छुट खर्च | : रु. ५,७०,१२६।७५ |
| घ) | कर्मचारीको तलब भत्ता खर्च | : रु. ३०,९५,१८८।९५ |
| ङ) | संचालन तथा प्रशासनिक खर्च | : रु. २३,२८,२९६ ।७२ |
| च) | २६ औं वार्षिक साधारण सभा खर्च | : रु. ११,०४,१८७।१० |
| छ) | स्थिर सम्पतिमा ह्रास कट्टि खर्च | : रु. २,८४,४२७।५४ |
| | **जम्मा खर्च** | **: रु. २,३३,६०,२५९.०३** |

यसरी आम्दानी बाट खर्च घटाउदा जम्मा रु. ९७ लाख २१ हजार ४ सय ६६ रुपैयाँ ९ पैसा बचत भएकोमा ऋण जोखिम कोष खर्च वापत ऋण सुरक्षण कोषमा रु. २३ लाख २४ हजार ८ सय ४६ रुपैयाँ ४२ पैसा सारेको र बाँकी बचत रु. ७३ लाख ९६ हजार ६ सय १९ रुपैयाँ ६७ पैसामा आयकर रु. ३ लाख ६९ हजार ८ सय ३१ रुपैयाँ घटाई आ.व. २०७८/७९ को शुद्ध बचत रु. ७० लाख २६ हजार ७ सय ८८ रुपैयाँ ६७ पैसा भएको छ। शुद्ध बचतलाई नियमानुसार विभिन्न कोषमा बाँडफाँड गर्दा शेयर लाभाँश कोषमा रहेको रकमबाट यस बर्ष शेयरमा १२ प्रतिशतसम्म लाभाशं वितरण गर्न सकिने अवस्था रहेको छ। संरक्षित पुँजी फिर्ता कोषमा रहेको रकमबाट सदस्यहरुलाई बचतमा प्राप्त ब्याज र ऋणमा तिरेको ब्याज रकमको आधारमा प्रदान गरिने प्रावधान रहेकोमा बचतमा प्राप्त ब्याज वापत ४० प्रतिशत रकम वितरण गर्ने र ऋणको ब्याजमा अग्रीम छुट उपलब्ध गराइसकिएको हुँदा संरक्षित पुँजी फिर्ता कोषमा रहेको रकमको ६० प्रतिशत रकमलाई जगेडा कोषमा सार्ने व्यवस्था मिलाईनेछ।

## ५) तालिम गोष्ठी संचालन र सहभागिता:

यस आ.व. ०७८/०७९ मा संस्थाको आफ्नै सभाहलमा विभिन्न मितिमा शेयर सदस्यहरुलाई बोलाई सहकारी शिक्षा तथा वित्तिय साक्षरता सम्बन्धी तालिम सञ्चालन गरेको र उक्त कार्यक्रममा जम्मा 134 जना शेयर सदस्यको उपस्थिति रहेको छ भने सदस्यको सन्तुष्टी सर्वेक्षण ५२७ जनाको गरिएको छ। नेफ्स्कुनद्वारा सञ्चालित प्रोवेसन कार्यक्रमको समिक्षा सम्बन्धी ३ वटा कार्यक्रममा सहभागिता जनाईएको थियो भने संस्थाको आफ्नै आयोजनामा एउटा समिक्षा बैठक सम्पन्न गरी अन्य सहकारीको अभ्यासबाट भएका सिकाई र नेफ्स्कुनले प्रदान गरेको सुझाव बमोजिम सुधारको कार्यक्रम गरिएको छ । वार्षिक कार्यक्रममा उल्लेखित अध्ययन अवलोकन भ्रमण कार्यक्रममा संस्था परिवारका २२ जनाको सहभागि भई कास्की जिल्ला र रुपन्देही जिल्लाका विभिन्न ३ वटा सहकारी संस्थाको अध्ययन अवलोकन गरिएको छ । यस बर्ष नेफ्स्कुनको आयोजनामा सम्पन्न भएको साकोस शिखर गोष्ठीमा संस्थाका अध्यक्षको सहभागिता रहेको छ। यसैगरि संस्थामा कार्यरत कर्मचारीहरुका लागि बचत ऋण कोर्षको अध्ययन गर्न एकजना कर्मचारीलाई सहभागि गराईएको छ । संस्थाका व्यवस्थापकलाई सहकारी संस्थाको वस्तु तथा सेवा विकास तालिममा सहभागि गराईएको छ भने लेखा फाँटमा कार्यरत कर्मचारीलाई नक्कली नोट पत्ता लगाउने तालिममा सहभागि गराईएको छ। प्रस्तावना लेखन तथा बैठक सञ्चालन क्षमता अभिवृद्धि तालिममा संस्थाको सञ्चालक समिति सदस्य यामकुमारी घर्ती भुजेलको सहभागिता रहेको थियो।

## ६) विश्वसनिय सेवा नयाँ प्रविधिको प्रयोग

संस्था आर्थिक रुपमा, सदस्य संख्याको रुपमा तथा ब्यवस्थापन पक्षिय रुपमा बृद्धि र विकास भइरहेको हुँदा संस्थामा प्रयोग गरिने सेवा भौतिक व्यवस्थापन र प्रविधिहरु पनि समयानुकुल परिवर्तन गर्दै जान सकिएन भने संस्थाको आन्तरिक व्यवस्थापन समय सापेक्ष छिटो छरितो र विश्वसनिय बनाउन सकिदैन जसबाट संस्थाका सदस्यहरुमा आकर्षणको साटो बिकर्षण बढ्न जान्छ । तसर्थ संस्थालाई चुस्त दुरुस्त बनाई राख्नका लागि समय सापेक्ष संस्थाको भवन, फर्निचर, फूलबारी तथा आन्तरिक रुपमा प्रयोग गरिने अन्य उपकरणहरुको बिस्तारै बृद्धि र विकास गर्नु अपरिहार्य हुन्छ । संस्थाबाट सम्पादन गरिने दैनिक कारोवार विश्वसनिय, पारदर्शि र सुरक्षित बनाउनका लागि सफ्टवयरको प्रयोग गरिराखियको छ र त्यसलाई समयानुसार सुधार गरिदै लैजाने प्रतिबद्धता गरिन्छ । संस्थाको सम्पूर्ण आर्थिक अभिलेख क्लाउड वेश सर्भरमा सुरक्षित गरी संस्थाको आफ्नै मोबायल बैंकिङ एप्लिकेशन जनकल्याण एप्स संचालन गरिराखिएको छ । मोबायल रिचार्ज, बिजुली, पानी को महसुल भुक्तानी लगाएतका अन्य सुविधाहरु पनि संचालनमा छन । शेयर सदस्यले घरमा नै बसी आफ्नो मोबायलबाट यस्ता आर्थिक कार्य गर्न सकिने व्यवस्था गरिएको छ । अत: म आग्रह र अनुरोध गर्न चाहान्छु कि आदरणीय शेयर सदस्य ज्युहरु मोबायल बैंकिङ निशुल्क प्रदान गरिएको छ उपयोग गर्नुहुन अनुरोध छ । संस्थाको कार्यालयबाटनै रेमिट्यान्स सम्बन्धि सम्पुर्ण सेवा उपलब्ध छन साथै सहकारी विभागको अनलाइन सफ्ट्वयर कोपोमिसमा सदस्यको विवरण अध्यावधिक गर्ने र मासिक प्रतिवेदन प्रविष्ट गर्ने कार्य निरन्तर छ । अब संस्था अक्षरस नीति विधि प्रविधि र सुशासनलाई पालना गरी अगाडि बढेको छ ।

## ७) सदस्यता राहत सम्मान पुरस्कार तथा सामाजिक कार्य

संस्था शेयर सदस्यहरुबाट नै संचालन हुने भएकाले सदस्यहरुको सहभागिता बृद्धि गर्न एंव कार्य संचालन गरेका विभिन्न विधाहरुमा संस्थाको स्थापना दिवसको अवसरमा गत वर्ष झै यस वर्ष पनि ५५ जनालाई पुरस्कृत गरिएको छ । यस वर्ष ७० वर्ष माथिका ५६ जना जेष्ठ सदस्यलाई उपहार प्रदान र ७५ वर्ष माथिका २६ जना जेष्ठ सदस्यलाई प्रति महिना रु. एक सय का दरले वार्षिक रुपमा एक हजार दुई सय रुपैंया उपलब्ध गराई सम्मान गरिएको छ । यस्तै ८ जना बाल सदस्यहरुलाई छात्रवृत्ती तथा पुरस्कार वितरण गरिएको छ । संस्थाले विगत झै यस वर्ष पनि २७ औं स्थापना दिवसको अवसरमा संस्थाको आयोजनामा रक्तदान कार्यक्रम गरी ३३ पिन्ट रगत संकलन गरी रेडक्रसलाई हस्तान्तरण गरिएको छ । संस्थाद्धारा उपलब्ध गराउदै आएको मृतक सदस्य तथा मृतक सदस्य परिवार राहत ११ जना, सदस्य सुत्केरी पोषण खर्च १४ जना, बालबालिकाको जन्मदिन उपहार २०५ जनालाई प्रदान गरिएको छ । खेलकुद विकासका लागि बाङ्गेसिमल युथ क्लव मार्फत फुटवल खेल सामाग्री खरिदका लागि आर्थिक सहयोग गरिएको छ । संस्थाको सदस्यहरुलाई राहत वितरण सम्बन्धी कार्यविधि २०७७ को अधिनमा रहि सदस्यको मृत्यू संस्कार खर्च स्वरुप २० हजार सम्म प्रदान गर्दै आइरहेको जानकारी गराउँदै यस वर्ष राहत सम्बन्धी कार्यक्रमहरुलाई प्रभावकारी र परिस्कृत गर्दै लैजाने व्यहोरा यहाँहरु समक्ष अनुरोध छ ।

## ८) भौतिक तथा प्रशासनिक सुधार र सुशासन:

संस्थाको भौतिक तथा प्रशासनिक सुधार समयानुसार सुधार गर्ने कार्य भएको छ । संस्थाको स्वामित्वमा रहेको जग्गाको सुरक्षाका लागि तारबार गर्ने कार्य सम्पन्न भएको छ । सञ्चालक समितिको बैठकलाई व्यवस्थित र

पारदर्शी बनाउनका लागि प्रोजेक्टर मार्फत श्रव्यदृश्य गरी निर्णय लेखन र प्रमाणीत गर्ने कार्य निरन्तर भैरहेको छ। संस्थामा कार्यरत कर्मचारीलाई कार्यालय समयको अनुशासन पालना गराउनका लागि इहाजिरी मेशिनको प्रयोग र प्रभावकारी कार्यान्वयन गरिएको छ। सदस्यहरुलाई पालो पर्खने स्थानमा टीभिको व्यवस्था र सदस्यहरुलाई समयानुसार तातोचिसो पिउने पानीको व्यवस्था गरिएको छ। संस्थाका सूचना तथा जानकारी सदस्यहरुलाई सहजै उपलब्ध गराउनका लागि डिजिटल सूचना पार्टी र वेभसाइटको प्रभावकारी कार्यान्वयन गरिएको छ। संस्थाको कार्यालय सञ्चालनका लागि आवश्यक विद्युतिय उपकरणहरुको व्यवस्थापन गरी छिटो छरितो र विश्वसनिय ढंगबाट सेवा प्रवाह भैरहेको छ।

## ९) २७ औं स्थापना दिवस सम्पन्न

आ.ब.२०७८/०७९ मा संस्थाले स्थापना दिवस सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रमहरु गरी भव्यताका साथ सम्पन्न गरेको छ। २७ औं स्थापना दिवसको अवसरमा २०७९ साल जेष्ठ २२ गते रक्तदान कार्यक्रम, जेष्ठ २३ गते उत्कृष्ट सदस्यहरु छनौट, जेष्ठ २४ गते छात्रवृत्तीका लागि बाल बचतकर्ता छनौट, २५ गते जेष्ठ नागरिक सम्मान, २६ गते मा.वि. स्तरिय वक्तृत्वकला प्रतियोगिता र जेष्ठ २८ गतेका दिन औपचारिक कार्यक्रम गरी सम्मान तथा पुरस्कार वितरण गर्ने कार्य सम्पन्न भएको छ।

## १०) श्रद्धाञ्जली

आर्थिक वर्ष २०७८/७९ को अवधिमा हाम्रो परिवार भित्रका ६ जना शेयर सदस्य संस्थाले सधैँभरिका लागि गुमाएको छ। जसबाट संस्थाले अतुलनिय क्षति ब्यहोर्नु परेको छ। मृतआत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवार जनहरुमा हार्दिक समवेदना प्रकट गर्दछु। निजहरुलाई राहात कार्यक्रम सम्बन्धित स्थानमा गई उसै समयमा वितरण गरी सम्पन्न भई सकेको छ।

## ११) कोभिड १९ पछिको अर्थतन्त्र र संस्थालाई परेको असर

हरेक वित्तिय संस्थाहरुमा वर्षको पहिलो चौमासिक गत आ.ब. समिक्षा र आगामी वर्षको योजना निर्माण गर्नुपर्ने हुन्छ। अनुमानित कार्यक्रमको कार्यान्वयन र लक्ष्य प्राप्तिका लागि दोस्रो र तेस्रो चौमासिकमा काम गर्नु पर्ने हुन्छ तर दुखद कुरो गत वर्ष झै यस वर्षमा पनि तेस्रो चौमासिक मध्यबाट कोभिड १९ र आर्थिक मन्दीका कारण संस्थाको सम्पूर्ण कार्यक्रमहरु अगाडी बढ्न नसकेको व्यहोरा अनुरोध छ। जसका कारण संस्थाले तय गरेको केहि लक्ष्य अनुसारको उपलब्धी हुन सकेको छैन। आदरणीय शेयर सदस्यज्युहरु अब म आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रमहरु यस सम्मानित सभामा निम्नानुसारले प्रस्तुत गर्न अनुमति चाहान्छु। कोभिड १९ तथा आर्थिक मन्दीका कारण अर्थतन्त्र चलायमान हुन नसकेको हुँदा भाखा नाघेको ऋण केहि हदमा सुधार भएपनि सोचे अनुसार हुन सकेन।

# आ. व. २०७९/०८० का प्रस्तावित कार्यक्रम लक्ष्य तथा नीतिहरु

## १) कार्यक्रम:

१) शेयर सदस्य, शेयर पुँजी र बचत बृद्धि

**लक्ष्य :** शेयर सदस्य संख्या ३००० जना, शेयर पुँजी ३ करोड १४ लाख र बचत २३ करोड ३० लाख पुऱ्याइने छ।

**नीतिहरु :**

क) संस्थाका सबै शेयर सदस्यहरुलाई कम्तिमा २० थान शेयर पुऱ्याउन अनुरोध गरिनेछ।

ख) ***मेरो साथी म सँगै जनकल्याणमा र मेरो परिवारको सबै सदस्य जनकल्याणको सदस्य*** अभियान संचालन गरिनेछ।

ग) कम्तिमा १० जना भन्दा बढी नँया शेयर सदस्य बनाउने सदस्यलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

घ) वी.न.पा. १ को पूर्ण सर्भेक्षण गरी सदस्य नभएका व्यक्तिलाई नयाँ सदस्यता वितरण गरिनेछ।

ङ) सदस्यहरुको चाहाना सर्वेक्षण गरी सोही बमोजिम बचत नीतिमा सुधार गरी आवश्यकताका आधारमा नयाँ बचतका योजनाहरु सञ्चालन गरिनेछ।

च) विभिन्न उत्सव तथा चाडपर्वमा जनकल्याणको स्टल राखी सदस्यता तथा बचत बृद्धि कार्यक्रम संचालन गरिनेछ।

छ) सबै शेयर सदस्यहरुलाई कम्तिमा पाँच सय मासिक बचत गर्न अनुरोध गरिनेछ।

ज) सबै बचतका प्रकारहरुमा सर्वाधिक बचत कर्ता पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

झ) सर्वाधिक शेयर खरिद कर्तालाई पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

ञ) टोलटोलमा जनकल्याण कार्यक्रमलाई व्यवस्थित गर्नका लागि जनकल्याण टोल कमिटी निर्माण गरी आवश्यक गतिविधि सञ्चालन गरिनेछ।

ट) यस बर्षका सर्वाधिक शेयर खरिदकर्ता र सबै प्रकारका बचतकर्ता पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिईनेछ

## २) कार्यक्रम: सुरक्षित ऋण लगानी र नियमित किस्ता प्राप्तिको नीति

**लक्ष्य**: ऋण लगानीको ७५ प्रतिशत मासिक किस्ता बनाउन प्रयास गरिनेछ।

**नीतिहरु:**

क) तोकिएको समयमा किस्ता बुझाउने सदस्यहरुलाई ब्याज मा ५ प्रतिशत छुट दिने नीतिलाई निरन्तरता दिइनेछ।

ख) असल ऋणीले ऋण चुक्ता गरी पुन: ऋण माग गरेमा पहिलो प्राथामिकताका आधारमा ऋण स्वीकृत गरिनेछ।

ग) नियमित किस्ता बुझाउने मध्येबाट १२ जनालाई पुरस्कृत तथा सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

घ) उत्पादनमुलक क्षेत्रमा विशेष प्राथामिकताका साथ लगानी गरिनेछ।

ङ) ऋण किस्ताको बारेमा ऋणीलाई पूर्व जानकारी गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

च) कर्जा लगानीको प्रत्येक क्षेत्रमा स्थलगत अध्ययनको व्यवस्थामा थप कडाई गरिनेछ ।

छ) प्रदेश सरकारद्धारा लागु गरेको कृषिमा ब्याज अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ज) मासिक बचत नगरेका र ऋणको भाखा नाघेका सम्पुर्ण सदस्यहरु, संचालक, कर्मचारी र उपसमितिहरु सबैलाई तालिम गोष्ठी, साधारण सभा तथा संस्थाको कार्यक्रममा समावेश गराइने छैन ।

झ) कर्मचारी सहुलियत ऋणको लागि नीति निर्माण गरी सुरुवात गरिनेछ ।

ञ) सम्पूर्ण किस्ता भाखा नाघेका ऋणी सदस्यहरुलाई कालोसूचीमा राखि नियमानुसार कारवाहीको प्रक्रिया अगाडी बढाइनेछ ।

## ३) कार्यक्रम: तालिम, गोष्ठी, अध्ययन अवलोकन तथा क्षमता विकास

**लक्ष्य:** तालिम १० वटा, गोष्ठी २ वटा, रणनीतिक व्यवसायीक योजना निर्माण १ वटा र आवश्यकता अनुसार अन्य क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।

**नीतिहरु:**

क) संस्थामा आवद्ध कर्मचारीलाई आवश्यकता अनुसार संस्थागत, जिल्ला स्तरिय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिममा सहभागिता तथा क्षमता विकासका कार्यक्रममा सहभागि गराइनेछ ।

ख) हरेक महिनामा सदस्यहरुलाई सहकारी शिक्षा, वित्तिय साक्षरता र संस्था विकास तालिम दिइनेछ ।

ग) संस्थाका संचालक तथा लेखा समितिका सदस्यहरुको क्षमता विकासको लागि तालिम संचालन गरीनेछ ।

घ) छाता संगठन तथा सम्बन्धित निकायहरु सँग समन्वय गरी विषयगत तालिमको आयोजना गर्ने र सहभागिता समेत जनाइनेछ ।

ङ) संस्थामा लागु भइरहेको नेफ्स्कुनद्धारा सञ्चालित प्रोवेसन (PROBATION) र राष्ट्रिय सहकारी बैंकद्धारा सञ्चालित केयर (Care) कार्यक्रमका सबै सुचकहरु तथा मापदण्डहरु पुरा गरी सुशासनयुक्त बनाइनेछ ।

## ४) कार्यक्रमहरु : जनशक्ति, भौतिक व्यवस्थापन र प्रविधिको उच्चतम प्रयोग

**लक्ष्य:** कर्मचारी संगठनको पुन:संरचना सहित आवश्यकता अनुसार कर्मचारी थप, थप १०० जनालाई जनकल्याण एप्स, नयाँ १ तले भवन निर्माण र छतमा सुविधा सम्पन्न तालिम हल निर्माण ।

**नीतिहरु:**

क) संस्थाको उत्पादन सेवा, शेयर सदस्यको संख्या, ऋण लगानीको आधार, पुँजीको आधारमा वार्षिक बजेटको अधिनमा रहि आवश्यकता अनुसार कर्मचारी थप गर्न सकिनेछ ।

ख) हाल संस्थाको भवन पछाडी रहेको खालि जग्गामा १ तले पक्की भवन निर्माण गरी नयाँ भवन र पुरानो भवनको छतमा सुविधा सम्पन्न तालिम हल निर्माण गरिने छ ।

ग) पदिय जिम्मेवारी अनुसार ३/३ महिनाको योजना र लक्ष्य निर्धारण गर्न लगाई उपलब्धी मूल्याङ्कन गरी पुरस्कृत गरिने छ ।

घ) संस्थाको Website, Face book Page लाई थप प्रभावकारी र व्यवस्थित गरिनेछ ।

ङ) मोबाइल म्यासेज बाट जानकारी दिने प्रक्रिया सुधार गरी संस्थाबाट जारी गरिने सुचना तथा सम्पूर्ण कारोबार जानकारी एस.एम.एस.बाट प्राप्त गर्न सक्ने व्यवस्थालाई थप प्रभावकारी बनाई निरन्तरता दिईने छ।

च) संस्थामा आएका सदस्यले संस्थाका सबै सूचना तथा जानकारी सहजै प्राप्त गर्न संचालनमा रहेको डिजिटल सूचना पाटीलाई थप प्रभावकारी बनाई निरन्तरता दिईनेछ।

छ) भल्ट कक्षको व्यवस्थापन र विमाको नविकरण गरिनेछ।

ज) संचालक समितिको बैँठकलाई व्यवस्थित र पारदर्शी बनाउन प्रोजेक्टर मार्फत डिस्प्ले गराई हरेक निर्णयहरु कम्प्युटराइज गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

झ) कर्मचारीको तहगत संरचनालाई संस्थाको पुँजिगत संरचनाको आधारमा पुर्नविचार गर्दै मानव संशाधन नीति बमोजिम शाखागत रुपमा कर्मचारीको दरबन्दी र तहको पुन:संरचना गरिनेछ।

ञ) संस्थाको विविध गतिविधिको जानकारी फेसबुक तथा वेभसाइटबाट दिने कार्यलाई थप व्यवस्थित गराई निरन्तरता दिइने छ।

## ५) कार्यक्रमहरु:

सदस्य हेरचाह, सेवा, राहत, सम्मान तथा सामाजिक कार्य।

**लक्ष्य :** नीति,विधि र कार्ययोजना अनुसार कार्य गर्ने।

**नीतिहरु:**

क) विभिन्न प्रकारका बचत तथा कर्जामा दिइदै आएको पुरस्कारलाई कार्यविधिको आधारमा पुरस्कृत गरी निरन्तरता दिइनेछ।

ख) बाल सदस्यहरुलाई कक्षागत उत्कृष्टताका आधारमा दिइने पुरस्कारलाई निरन्तरता दिइनेछ।

ग) ७० वर्ष देखि ७५ वर्ष सम्मका सदस्यहरु सम्मान गरिने कार्यलाई निरन्तरता दिइने छ।

घ) ७५ वर्ष देखि माथिका जेष्ठ सदस्यहरुलाई दिइदै आएको सामाजिक सुरक्षा भत्ता मासिक रु. १०० लाई वृद्धि गरी मासिक रु. १५० बनाईनेछ।

ङ) समाजका विभिन्न क्षेत्रमा उल्लेखनिय योगदान पुऱ्याउने व्यक्तित्व मध्ये १ जनालाई सम्मान गरिनेछ।

च) सदस्यहरुको मृत्यु संस्कार प्राकृतिक प्रकोपमा परेकालाई कार्यविधि अनुसार राहत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईनेछ।

छ) नयाँ बुहारी सदस्य कार्यक्रमलाई निरन्तरता दिईनेछ।

ज) सदस्य बृद्धि गर्न छिमेकी स्वागत कार्य संचालन गरिनेछ।

झ) सदस्य सुत्केरी पोषण खर्चलाई निरन्तरता दिईनेछ।

ञ) वडा कार्यालय, टोल विकास संस्था तथा सम्बन्धित अन्य सरोकारवालासँग समन्वय गरी आवस्यकताका आधारमा सामाजिक कार्य संचालन गरिनेछ।

ट) सदस्यको योगदानमा आधारित सदस्य राहतको कार्यक्रमलाई थप परिस्कृत र प्रभावकारी बनाउँदै योगदानमा आधारित विमा कार्यक्रम संचालन गरिने छ।

ठ) विविध स्वास्थ्य सचेतनाका सामाजिक कार्यहरु संचालन गरिने छ।

**६) कार्यक्रमहरु :** स्थापना दिवस विशेष कार्यक्रम

**लक्ष्य :** एक हप्ताभरी दैनिक न्युनतम एउटा कार्यक्रम

**नीतिहरु :**

क) "रक्तदान नै जीवन दान" भएकाले रक्तदान कार्यक्रमलाई निरन्तरता दिइने छ।

ख) संस्था द्धारा संस्था विकासकालागि योगदान पुर्याउने सदस्यहरुलाई प्रदान गरिने पुरस्कार वितरण गर्ने कार्यलाई निरन्तरता दिइने छ।

ग) विद्यार्थी प्रतिभा बृद्धिका लागि विभिन्न प्रतियोगिता संचालन गरिने छ।

घ) उपत्यका भित्रका बचत ऋण सहकारी बिचमा समयानुसारको विचार गोष्ठी संचालन गरीने छ।

**७. कार्यक्रमहरु :** प्रोवेशन (PROBATION) र केयर (Care) व्राण्ड प्राप्ति

**लक्ष्य:** प्रोवेशन र केयर कार्यक्रमले तोकेका सम्पुर्ण सूचकहरु पुरा गर्ने।

**नीतिहरु :**

क) प्रोवेशन र केयर कार्यक्रमले औंल्याएका सम्पुर्ण कमजोर पक्षको सुधार गरिनेछ।

ख) स्तरिकरण कार्यक्रमले निर्दिष्ट गरेका निर्माण गर्न बाँकी नीति तथा कार्यविधि निर्माण र अन्य सूचकहरु पुरा गरी यस आ.व. मा दुवै कार्यक्रमको अडिट गराइनेछ।

ग) स्तरिकरण कार्यक्रमले संचालन गरेका सबै क्रियाकलापमा सक्रियता पूर्वक सहभागिता जनाइने छ।

**८) कार्यक्रमहरु :** शुशासन तथा पारदर्शीता

**लक्ष्य:** संस्थाका सबै आर्थिक क्रियाकलाप फेसबुक पेज र वेभसाइटबाट प्रकाशन गर्ने। सहकारी मापदण्ड तथा नीति कार्यविधिको अक्षरस पालना गर्ने।

**नीतिहरु :**

क) संस्थाको आर्थिक कारोबार मासिक रुपमा संस्थाको वेभसाइट, फेसबुक पेज र सुचना पार्टी मार्फत सार्वजनिक गरिने छ।

ख) संस्थाको सामान खरिद प्रकृयालाई पारदर्शी र मितव्ययी बनाउन अर्धबार्षिक रुपमा कोटेशन माग गरी घटिघटाउको आधारमा खरिद गर्ने व्यवस्था मिलाइनेछ।

ग) सहकारी विभागले संचालनमा ल्याएको कोपोमिसमा संस्थाको विवरण पूर्ण रुपमा अध्यावधिक गरिनेछ।

घ) सम्पति सुद्धिकरण लगायत राज्यले जारी गरेका सम्पूर्ण ऐन नियम र कार्यविधिको पूर्ण पालना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

ङ) संस्थाका सबै सार्वजनिक गर्न मिल्ने विवरण सदस्यले माग गरेको बखत उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

च) संचालक, लेखा, कर्मचारी, उपसमिति र सल्लाहकार समेतको त्रैमासिक अर्धवार्षिक समिक्षा गोष्ठी सञ्चालन गरी सबै विवरण प्रष्ट पारीनेछ ।

छ) संस्थाका प्रमुख व्यक्तिहरुको सेवा सुविधा हरेक वर्ष साधारण सभामा प्रस्तुत गरिने छ ।

**९) कार्यक्रमहरु:** संस्थाको संगठन तथा पहुँच विस्तार

**लक्ष्य:** सेवा केन्द्र स्थापना र सहकारी सँग एकिकरणको प्रयास

**नीतिहरु :**

क) संस्थाको कार्यक्षेत्र भित्र संस्थाको पहुँच नभएका धेरै ठाँउ भएको एउटा एरिया तोकी सदस्य बृद्धि कार्यक्रम संचालन गरिनेछ ।

ख) मुख्य गरेर वीरेन्द्रनगर १ अवस्थित सहकारी संस्थाहरुसंग एकिकरणको लागि आवश्यक पहल गरिने ।

ग) एकै प्रकृतिका सहकारी एकिकरणको प्रयास गरिने छ ।

## १०) कार्यक्रम: सेवा सुविधामा वृद्धि गर्ने

**लक्ष्य:** प्रति बैठक भत्ता दर रु. १२००।-, अध्यक्ष मासिक सञ्चार तथा ईन्धन रु. १००००।-, अन्य प्रमुख पदको मासिक सञ्चार खर्च रु. १०००।-, र कर्मचारी तलब सरकारी तह अनुसारलाई निरन्तरता ।

**नीतिहरु:**

क) संस्थागत रुपमा सञ्चालक, लेखा तथा अन्य उपसमितिको बैठकमा सहभागि हुने सदस्यहरुलाई बैठक भत्ताको दर प्रति बैठक प्रतिव्यक्ति एक हजारबाट वृद्धि गरी एक हजार दुई सय कायम गरिनेछ ।

ख) सञ्चालक समितिको अध्यक्षको मासिक सञ्चार तथा ईन्धन खर्च मासिक रु. ७००० बाट वृद्धि गरी १००००।- पुऱ्याइनेछ साथै उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र ऋण संयोजकलाई मासिक रु. १०००।– का दरले सञ्चार तथा ईन्धन वापतको सुविधा उपलब्ध गराईनेछ ।

ग) संस्थामा कार्यरत कर्मचारीहरुलाई सरकारी तह बमोजिमको सेवा सुविधा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिईनेछ ।

अन्त्यमा माथि उललेखित कार्यक्रमहरु संचालनका लागि श्रोतको व्यवस्था कोषाध्यक्षको प्रतिबेदन बाट अवश्य जानकारी प्राप्त हुने नै छ । संस्थाको प्रगति र उन्नतिका लागि अथक परिश्रम तथा प्रयास गर्नुहुने सम्पूर्ण शेयर सदस्य ज्युहरु, पूर्व संचालक ज्युहरु, पूर्व कर्मचारी, पूर्व उपसमिति ज्युहरु, पूर्व लेखा समिति तथा वर्तमान संचालक साथीहरु, उपसमितिका साथीहरु, सल्लाहकार ज्युहरु, कर्मचारी साथीहरु तथा संस्थाको प्रगति र उन्नति देख्न चाहानुहुने सुभेच्छेक ज्युहरु सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दै यस वर्षमा आउने विजया दशमी, शुभ दिपावली, छठ पर्व लगाएत सम्पूर्ण पर्वहरु सुख शान्ति एवं उल्लाहसमय वातावरणमा मनाउन पाइयोस भन्ने शुभकामना टक्रयाउदै संचालक समितिको तर्फबाट प्रस्तुत गरिने प्रतिबेदन सदा झै यस वर्ष पनि यहि अन्त्य गर्न चाहान्छु ।

धन्यवाद ! जय सहकारी । जय जनकल्याण ।।

**महेन्द्रप्रसाद शर्मा**

अध्यक्ष

# २७औं वार्षिक साधारणसभामा प्रस्तुत आर्थिक प्रतिवेदन-२०७९



**आदरणिय शेयर सदस्य महानुभावहरु,**

सहकारी संस्थाको नीतिगत व्यवस्था अनुसार विगतका २६औँ वर्षमा जस्तै आजपनि हामी यस जनकल्याण साकोसको २७औँ वार्षिक साधारण सभालाई उल्लाहसमय वातावरणमा सम्पन्न गर्न उपस्थित भएका छौँ । यस महत्वपूर्ण सम्मानीत सभाका सभाध्यक्षज्यू, प्रमुख अतिथीज्यू, विशेष अतिथीज्यू, अतिथीज्यूहरु, सञ्चालक तथा पूर्व सञ्चालक एवम् साल्लाहकारज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यू, उपसमितिका सदस्य ज्यूहरु, कर्मचारीहरु, पत्रकार तथा सम्पूर्ण शेयर सदस्यज्यूहरुमा सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

**आदरणिय शेयर सदस्यज्यूहरु,**

सहकारी राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा समुन्नत बनाउने सामाजिक न्याय सहितको समतामुलक दिगो अर्थतन्त्र निर्माणको आधार हो । तसर्थ नयाँ नेपाल निर्माणमा सहकारी क्षेत्रको महत्वपुर्ण भुमिका रहेको छ । यस जनकल्याण साकोसले २६ औँ वसन्त पार गर्दै शेयर सदस्य ज्यूहरुले जुन माया ममता तथा विश्वासका कारण आज हामि २५ करोड भन्दा बढीको पुँजी निर्माण गर्न सफल भएका छौँ । हामी सदस्यको हितलाई ध्यानमा राखी आर्थिक रुपले साकोसलाई सम्पन्न पार्दै नीति, विधि विनियम र प्रविधिलाई समयानुसार परीमार्जन गर्दै शेयर सदस्यहरुको सेवा सुविधाहरु अझ विस्तार गर्दै संस्थालाई अगाडी बढाउने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु । यस संस्थाको महान अभियानलाई विगतदेखि वर्तमान सम्मको अवस्थाको अनुभव र यहाँहरुले समय समयमा दिएको सुझावलाई आत्मसाथ गरी गत आ.व. को समिक्षा र आगामी बर्ष आर्थिक रुपमा संस्थालाई कहाँ पुऱ्याउने भनि अनुमानित बजेट यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु ।

## (१) कुल पूँजी वृद्धि

गत आ.व. ०७७/०७८ को अन्त्यसम्ममा यस संस्थाको कुल पूँजी रकम रु. २० करोड ५१ लाख ४२ हजार १ सय ७३ रुपैयाँ ७२ पैसा भएकोमा यस आ.व. ०७८/०७९ मा रु. ४ करोड ८१ लाख १० हजार ४ सय २२ रुपैयाँ ८७ पैसाले वृद्धि भई आ.व. ०७८/०७९ को अन्त्यमा संस्थाको कुल पुँजी रकम रु. २५ करोड ३२ लाख ५२ हजार ५ सय ९६ रुपैयाँ ५९ पैसा भएको छ ।

## (२) शेयर पूँजी वृद्धि

संस्थाको शेयर पूँजी तर्फ गत आ.व. ०७७/०७८ को अन्त्यसम्ममा शेयर पूँजी रकम रु. २ करोड २ लाख १३ हजार ७ सय रुपैयाँ रहेकोमा यस आ.व. ०७८/०७९ मा रु. ५५ लाख ५९ हजार २ सय रुपैयाँ थप भएको र ९ लाख ५८ हजार ७ सय फिर्ता भएकोमा ४६ लाख ५ सय रुपैयाँ खुद वृद्धि भई यस आ.व. को अन्त्यसम्ममा कुल शेयर पूँजी रकम रु. २ करोड ४८ लाख १४ हजार २ सय रुपैयाँ भएको छ ।

## (३) बचत बृद्धिः

गत आ.व. ०७७/०७८ को अन्त्यसम्ममा यस संस्थामा कुल बचत रकम रु. १६ करोड ३४ लाख २७ हजार ६ सय ३१ रुपैयाँ ८२ पैसा रहेकोमा यस आ.व. ०७८/०७९ मा बचत संकलन रु. ५३ करोड ९३ लाख ७९ हजार ८ सय २६ रुपैयाँ ५३ पैसा भएको र बचत फिर्ता रु. ५१ करोड ३७ लाख ३३ हजार ६ सय ६४ रुपैयाँ ८५ पैसा भई यस आ.व. को खुद वृद्धि रु. २ करोड ५६ लाख ४६ हजार १ सय ६१ रुपैयाँ ६८ पैसा वृद्धि भई आ.व. को अन्त्यमा कुल बचत निक्षेप रकम रु. १८ करोड ९० लाख ७३ हजार ७ सय ९३ रुपैयाँ ५० पैसा रहेको छ।

## (४) संस्थागत पूँजी तथा अन्य कोष वृद्धिको अवस्थाः

संस्थाको आ.व. ०७७/०७८ को अन्त्यसम्ममा संस्थागत पूँजी, अन्य कोषहरु तथा ऋण सुरक्षण कोष समेतको रकम रु. २ करोड ७ लाख ९५ हजार ३ सय ३५ रुपैयाँ ६ पैसा रहेकोमा यस आ.व. ०७८/०७९ मा रु. ७० लाख १६ हजार १ सय ११ रुपैयाँ ९० पैसा वृद्धि भई आ.व. ०७७/०७८ को अन्त्यमा संस्थागत पूँजी तथा अन्य कोषको रकम रु. २ करोड ७८ लाख ११ हजार ४ सय ४६ रुपैयाँ ९६ पैसा रहेको छ।

## (५) बाह्य ऋणको अवस्थाः

गत आ.व. ०७७/०७८ को अन्त्यमा बाह्य ऋणको दायित्व शुन्य रहेकोमा यस आ.व. ०७८/०७९ को असार महिनामा तरलता व्यवस्थापनका लागि १ करोड बाह्य ऋण लिईएको हुँदा बाह्य ऋणको दायित्व १ करोड नै रहेको छ।

## (६) लगानीमा रहेको ऋणको अवस्थाः

संस्थाको आ.व. ०७७/०७८ को अन्त्यमा लगानीमा रहेको ऋण रकम रु. १६ करोड ५५ लाख १३ हजार ८ सय ९० रुपैयाँ ३० पैसा रहेकोमा यस आ.व. ०७८/०७९ मा ४ करोड १९ लाख २ हजार ४ सय १७ रुपैयाँ ७६ पैसाले वृद्धि भई आ.व. ०७८/०७९ को अन्त्यमा शेयर सदस्यलाई लगानी गरेको कुल ऋण रकम रु. २० करोड ७८ लाख १६ हजार ३ सय ९ रुपैयाँ ६ पैसा रहेको छ।

## (७) स्थिर सम्पत्तिको अवस्थाः

गत आ.व. ०७७/०७८ मा संस्थाको स्थिर सम्पत्ती रकम रु. २९ लाख २१ हजार ६ सय ६७ रुपैयाँ ११ पैसा भएकोमा यस आ.व. मा संस्थाको नाममा दर्ता श्रेष्ता कायम रहेको जग्गालाई पुर्नमुल्याङ्कन गरी सरकारी दररेट कायम गर्दा खुद बढ्न गएको ११ लाख २२ हजार ५ सय ६९ रुपैयाँ र यस बर्ष स्थिर सम्पत्ति सामान खरिद गरेको रकम रु. १ लाख ९८ हजार २ सय ६० समेत गरी स्थिर सम्पत्ती ४२ लाख ४२ हजार ४ सय ९६ रुपैयाँ ११ पैसा भएको र यसै आ.व. मा रु. २ लाख ८४ हजार ४ सय २७ रुपैयाँ ५४ पैसा ह्रासकट्टि वापत खर्च भएको हुँदा आ.व. ०७८/०७९ को अन्त्यमा स्थिर सम्पत्ती जम्मा ३९ लाख ५८ हजार ६८ रुपैयाँ ५७ पैसा रहेको छ।

## (८) शुद्ध बचत (मुनाफा) विश्लेषण:

गत साधारण सभाबाट पारित अनुमानित बजेटमा यस आ.व. ०७८/०७९ मा शुद्ध बचत रु. ७३ लाख २१ हजार ५ सय रुपैयाँ अनुमान गरिएकोमा यथार्थमा संस्थाको कर अघिको बचत ७३ लाख ९६ हजार ६ सय १९ रुपैयाँ ६७ पैसा भएको र सो मध्येबाट ५ प्रतिशतले आयकर व्यवस्था रु. ३ लाख ६९ हजार ८ सय ३१ रुपैयाँ घटाई बाँकी शुद्ध बचत रु. ७० लाख २६ हजार ७ सय ८८ रुपैयाँ ६७ पैसा विभिन्न कोषमा बाँडफाँड गरिएको छ। बाँडफाँड पश्चात विभिन्न कोषमा वितरण भएको रकम मध्येबाट शेयर लाभाशं कोषमा रहेको रकमबाट वितरण गर्नेगरि यस बर्ष शेयरमा १२ प्रतिशत लाभाशँ वितरण गर्ने प्रस्ताव गरिएको जानकारी गराउँदछु।

## (९) सदस्यता वृद्धि विश्लेषण:

गत आ.व. ०७७/०७८ मा संस्थामा आवद्ध शेयर सदस्यको संख्या २२२५ भएकोमा यस आ.व. ०७८/०७९ मा जम्मा २७५ जना नयाँ शेयर सदस्य थप भएको र यस बर्ष जम्मा ५४ जना शेयर सदस्यले सदस्यता त्याग गरेको हुँदा आ.व. को अन्त्यमा कुल शेयर सदस्यको संख्या २४४६ जना कायम रहेको छ।

**सभापति महोदय,**

अब म यस सम्मानित सभा समक्ष आ.व. ०७८/०७९ को प्रस्तावित तथा यथार्थ एवं आ.व. ०७९/०८० को प्रस्तावित बजेट संक्षेपमा प्रस्तुत गर्न गईरहेको छु। शेयर सदस्यज्यूहरुको जानकारीका लागि बजेटसँग सम्बन्धित अनूसूचीहरु यसै साथ संलग्न गरिएको छ।

## आ.व. ०७८/०७९ को प्रस्तावित तथा यथार्थ एवम् आ.व. ०७९/०८० को प्रस्तावित बजेटको विवरण

**१) आम्दानी तर्फ:**

| क्र.सं. | विवरण | आ.व. ०७८/०७९ को प्रस्तावित | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को प्रस्तावित |
|---|---|---|---|---|
| १ | ब्याज आम्दानी (अनुसूची १) | २९३२६००० | ३०२६१३६१.४६ | ३७७३३०००.०० |
| २ | लाभाशंबाट आम्दानी (अनुसूची २) | १६०००० | १८३५६७.७९ | ३१००००.०० |
| ३ | अन्य सञ्चालन आम्दानी (अनुसूची ३) | १८०५५०० | २६३६७९५.८७ | २३०१०००.०० |
| | **जम्मा** | **३१२९१५००** | **३३०८१७२५.१२** | **४०३४४०००.००** |

**२) खर्च तर्फ**

| क्र.सं. | विवरण | आ.व. ०७८/०७९ को प्रस्तावित | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को प्रस्तावित |
|---|---|---|---|---|
| १ | बचतमा ब्याज खर्च | १३५०००००.०० | १५९६०५६५.९७ | १८५०००००.०० |

| | | | | |
|---|---|---|---|---|
| २ | ऋणको ब्याजमा छुट खर्च | ६०००००.०० | ५७०१२६.७५ | ७५००००.०० |
| ३ | कर्मचारी खर्च (अनुसूची ४) | ३७४००००.०० | ३१४३१८८.९५ | ४६१००००.०० |
| ४ | बाह्य ऋणमा ब्याज खर्च | ५०००००.०० | १७४६६.०० | ९०००००.०० |
| ५ | शुसासन तथा कार्यक्रमिक खर्च ( अनुसूची ५) | ३४४००००.०० | २५१४४८६.५२ | ३९८५०००.०० |
| ६ | बजार खर्च (अनुसूची ६) | ४००००.०० | २६८६०.०० | ६००००.०० |
| ७ | ह्रासकट्टि खर्च | ४०००००.०० | २८४४२७.५४ | ६०००००.०० |
| ८ | प्रशासनिक खर्च ( अनुसूची ७) | ९५००००.०० | ८४३१३७.३० | १२६००००.०० |
| ९ | ऋण सुरक्षण खर्च | ८०००००.०० | २३२४८४६.४२ | ८०००००.०० |
| १० | **कुल जम्मा व्यय** | **२३९७००००.००** | **२५६८५१०५.४५** | **३११६५०००.००** |
| ११ | **शुद्ध बचत (नाफा)** | **७३२१५००.००** | **७३९६६१९.६७** | **८८७९०००.००** |
| **कुल जम्मा** | | **३१२९१५००.००** | **३३०८१७२५.१२** | **४०३४४०००.००** |

## आ.व. ०७८/०७९ को प्रस्तावित तथा यथार्थ एवम् आ.व. ०७९/०८० को प्रस्तावित वासलात

**पूँजी तथा दायित्व :**

| क्र.सं. | विवरण | आ.व. ०७८/०७९ को प्रस्तावित | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को प्रस्तावित |
|---|---|---|---|---|
| १ | शेयर पूँजी | २४८०००००.०० | २४८१४२००.०० | ३०९२५०००.०० |
| २ | संस्थागत पूँजी (जगेडा कोष र घाटापुर्ती कोष) | १३००००००.०० | १४९१६९११.२७ | १६९५००००.०० |
| ३ | अन्य कोषहरु | ४२०००००.०० | ६१७९०९४.१९ | ६२५००००.०० |
| ४ | बचत (निक्षेप) | १८९५००००००.०० | १८९०७३७९३.५० | २३१८७५०००.०० |
| ५ | ऋण सुरक्षण कोष | ५७०००००.०० | ७२५३०१२.०० | ८००००००.०० |
| ६ | तिर्नुपर्ने तथा अन्य दायित्व | ३०००००.०० | १०१५५८५.६३ | ३७५०००.०० |
| ७ | बाह्य सापटी | १००००००००.०० | १००००००००.०० | १५००००००.०० |
| **जम्मा** | | **२४७५०००००.००** | **२५३२५२५९६.५९** | **३०९३७५०००.००** |

| सम्पत्ति तथा जायजेथा | | | | |
|---|---|---|---|---|
| १ | नगद मौज्दात | ५००००.०० | २६०१३.३७ | ५००००.०० |
| २ | बैंक मौज्दात | ३९५०००००.०० | ३८६४९६२२.२१ | ४७२७५०००.०० |
| ३ | पाउनुपर्ने, धरौटी तथा सापटी | १२०००००.०० | ७९६८६६.६८ | १५०००००.०० |
| ४ | कर्जा लगानी हिसाब | १९९७५००००.०० | २०७४१६३०९.०६ | २४७२०००००.०० |
| ५ | लगानी हिसाब | ३००००००.०० | २३२१२३४.०८ | ३७५००००.०० |
| ६ | स्थिर सम्पत्ती | ४००००००.०० | ३९५८०६८.५७ | ९६०००००.०० |
| ७ | खर्च हुने सामाग्री मौज्दात | | ८४४८२.६२ | ०.०० |
| जम्मा | | २४७५००००००.०० | २५३२५२५९६.५९ | ३०९३७५०००.०० |

## आर्थिक प्रतिवेदन २०७९ सँग सम्बन्धीत अनुसुचीहरु:

**अनूसूची १ (ब्याज आम्दानी)**

| क्र.सं. | विवरण | आ.व. ०७८/०७९ को प्रस्तावित | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को प्रस्तावित |
|---|---|---|---|---|
| १ | ऋण लगानीबाट ब्याज प्राप्त | २८०००००००.०० | २८८२०२६८.०३ | ३५६१२०००.०० |
| २ | राष्ट्रिय सहकारी बैंकबाट ब्याज प्राप्त | ५५००००.०० | ५६६३९६.९० | ९७५०००.०० |
| ३ | नेफ्स्कुनबाट ब्याज प्राप्त | ७५००००.०० | ८५०६२४.४४ | ११२००००.०० |
| ४ | कमर्सियल बैंकबाट ब्याज प्राप्त | २५०००.०० | २४०७२.०९ | २५०००.०० |
| ५ | जिल्ला बचत संघबाट ब्याज प्राप्त | १०००.०० | | १०००.०० |
| जम्मा | | २९३२६०००.०० | ३०२६१३६१.४६ | ३७७३३०००.०० |

**अनूसूची २ (लाभाशंबाट आम्दानी)**

| क्र.सं. | विवरण | आ.व. ०७८/०७९ को प्रस्तावित | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को प्रस्तावित |
|---|---|---|---|---|
| १ | नेफ्स्कुनबाट लाभाशं प्राप्त | १०००००.०० | १२६०४५.०५ | २५००००.०० |
| २ | राष्ट्रिय सहकारी बैंकबाट लाभाशं प्राप्त | १५०००.०० | १४२५०.०० | १५०००.०० |

| | | | | |
|---|---|---|---|---|
| ३ | राष्ट्रिय सहकारी बैंकबाट संरक्षित पुंजि फिर्ता कोषबाट प्राप्त | ५०००.०० | ९४४८.९४ | १००००.०० |
| ४ | नेफस्कुनबाट संरक्षित पूँजी फिर्ता कोषबाट प्राप्त | ४००००.०० | ३३८२३.८० | ३५०००.०० |
| **जम्मा** | | **१६००००.००** | **१८३५६७.७९** | **३१००००.००** |

**अनूसूची ३ (अन्य सञ्चालन आम्दानी)**

| क्र. सं. | विवरण | आ.व. ०७८/०७९ को प्रस्तावित | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को प्रस्तावित |
|---|---|---|---|---|
| १ | ऋण फाइल शुल्क | १४०००००.०० | २०४०८४०.०० | २००००००.०० |
| २ | सदस्यता शुल्क | १०००००.०० | ५५२१५.०० | १०००००.०० |
| ३ | पासबुक विक्री | १५०००.०० | ११५७०.०० | १५०००.०० |
| ४ | खाताबन्दी शुल्क | १००००.०० | २४१८२.०० | १५०००.०० |
| ५ | ऋणबाट हर्जाना | १०००००.०० | ३३५६६१.४३ | १०००००.०० |
| ६ | मासिक बचतबाट विलम्ब शुल्क | १५०००.०० | २८०१५.०० | १५०००.०० |
| ७ | रेमिट्यान्स कमीशन तथा शुल्क आम्दानी | ५००००.०० | ३८७९६.६० | ५००००.०० |
| ८ | धितो मुल्याकंन दस्तुर | ५००००.०० | ४०५००.०० | ०.०० |
| ९ | क्यालेण्डर छपाई सहयोग प्राप्त | ६००००.०० | ६००००.०० | ०.०० |
| १० | कुर्सी हलभाडा | ५००.०० | १०५०.०० | १०००.०० |
| ११ | विविध आम्दानी | ५०००.०० | ९६५.८४ | ५०००.०० |
| **जम्मा** | | **१८०५५००.००** | **२६३६७९५.८७** | **२३०१०००.००** |

**अनूसूची ४ (कर्मचारी खर्च)**

| क्र. सं. | खर्च शिर्षक | आ.व. ०७८/०७९ को प्रस्तावित | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को प्रस्तावित |
|---|---|---|---|---|
| १ | तलब तथा भत्ता खर्च | २७५००००.०० | २४१४३६३.९५ | ३१०००००.०० |
| २ | प्रशिक्षार्थी (इन्ट्रनसिप) तलब | | | १५००००.०० |
| ३ | पर्व खर्च | | | २०००००.०० |
| ४ | बिदा सञ्चित खर्च | | | २०००००.०० |

| | | | | |
|---|---|---|---|---|
| ५ | ओभरटाईम खर्च | २०००००.०० | १३३१७५.०० | २५००००.०० |
| ६ | सामाजिक सुरक्षा कोष खर्च | ४५००००.०० | ४०३५७२.०० | ५५००००.०० |
| ७ | पोषाक खर्च | ८००००.०० | ६००००.०० | ८००००.०० |
| ८ | औषधि उपचार खर्च | २०००००.०० | ८४०७८.०० | ०.०० |
| ९ | व्यवस्थापकिय सञ्चार तथा ईन्धन | ६००००.०० | ४८०००.०० | ८००००.०० |
| **जम्मा** | | **३७४००००.००** | **३१४३१८८.९५** | **४६१००००.००** |

**अनूसुची ५ (सुशासन तथा कार्यक्रमिक खर्च)**

| क्र.स | विवरण | कार्यक्रम | आ.व. ०७८/०७९ को प्रस्तावित | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| १ | रणनीतिक योजना तथा बार्षिक योजना निर्माण | रणनीतिक व्यवसायीक योजना र बार्षिक योजना निर्माण कार्यक्रम | २००००.०० | ०.०० | ३०००००.०० |
| २ | समिक्षा गोष्ठी | समिति तथा उप समिति वाट संयुक्त रुपमा ३ पटक गर्ने | ६००००.०० | २६८३५.०० | ८००००.०० |
| ३ | सदस्य भेला तथा सहकारी शिक्षा कार्यक्रम | सदस्य विस्तार, भेटघाट, अन्तरक्रिया तथा सहकारी शिक्षा भेला | १२००००.०० | ४१६०६.४२ | ०.०० |
| ४ | सामाजिक कार्यक्रम | सरसफाई, रक्तदान, जेष्ठ सदस्य भेला, स्वास्थ्य शिविर तथा अन्य सामाजिक क्रियाकलाप | ५००००.०० | ४४०००.०० | ५००००.०० |
| ५ | स्थापना दिवस तथा जेष्ठ नागरिक सम्मान | सहकारी स्थापना दिवस कार्यक्रममा जेष्ठ नागरिक सम्मान कार्यक्रम राख्ने | ५००००.०० | ४८६१०.०० | ७५०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | सहकारी दिवस | सदस्यहरु सहित संस्थाको प्रतिनिधित्व गर्दै आयोजित कार्यक्रममा सहभागिता | १००००.०० | ०.०० | २००००.०० |
| ७ | साधारण सभा खर्च | साधारण सभामा उपस्थित सदस्यको यातायात खर्च तथा अन्य व्यवस्थापन | १३०००००.०० | ११०४१८७.१० | १७०००००.०० |
| ८ | बैठक खर्च | आ.व. ०७८/०७९ मा संस्थाको विभिन्न समिति तथा उपसमितिको बैठकमा प्रति बैठक प्रति व्यक्ति रु. एक हजार दुई सयका दरले | ४३००००.०० | २२८०००.०० | ३५००००.०० |
| ९ | कर्मचारी क्षमता अभिवृद्धि र तालिम | विषगयत तालिम तथा अन्य खर्च | ६००००.०० | ४२९००.०० | ८००००.०० |
| १० | सञ्चालक क्षमता अभिवृद्धि र तालिम | वर्तमान सञ्चालक र भावि सञ्चालकको क्षमता अभिवृद्धि तथा विषयगत तालिम | १०००००.०० | ४२९९०.०० | १०००००.०० |
| ११ | सदस्यहरुको सर्भेक्षण एवं तालिम | शेयर सदस्यहरुको सर्वेक्षण गरि आवश्यकताको आधारमा विभिन्न व्यवसायिक तथा सिपमुलक तालिम | १५००००.०० | ०.०० | १५००००.०० |
| १२ | स्तरिकरण कार्यक्रम | प्रोवेशन/केयर कार्यक्रम नविकरण र रिभ्यु जाँदा खर्च | १३००००.०० | १५४७८३.५० | १०००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | महिला तथा बालबालिका सम्बन्धी कार्यक्रम | सञ्चालक समिति र उपसमितिको संयुक्त बैठकबाट निर्णय गरि सञ्चालन गर्ने | १००००.०० | २४२१२.५० | १००००.०० |
| १४ | आन्तरीक तथा वाह्िय लेखा | अन्तरीक लेखा परिक्षण र बाह्य लेखा परिक्षण वापतको खर्च | ६००००.०० | ४००००.०० | ८००००.०० |
| १५ | पुरस्कार तथा सम्मान खर्च | उत्कृष्ठ सदस्य पुरस्कार र विभिन्न कार्यक्रम पुरस्कार | ५००००.०० | ३९२७८.०० | ७००००.०० |
| १६ | सदस्य राहत | मृतक सदस्य परिवार राहत र अन्य विपद वापत राहत कोषमा | २५००००.०० | २१९७००.०० | २५००००.०० |
| १७ | सञ्चालक सञ्चार तथा ईन्धन खर्च | अध्यक्ष मासिक रु. १००००।-, उपाध्यक्ष, सचिव कोषाध्यक्ष र ऋण संयोजक मासिक रु. १०००।- सञ्चार तथा यातायात खर्च | १५००००.०० | ११५३००.०० | १८००००.०० |
| १८ | अध्ययन भ्रमण | उत्कृष्ट सहकारी संस्थाको अध्ययन अवलोकन भ्रमण कार्यक्रम | ३५००००.०० | ३४२०८४.०० | ०.०० |
| १९ | सदस्यता विस्तार तथा समुदाय केन्द्रित कार्यक्रम | टोलटोलमा जनकल्याण कमिटी निर्माण तथा सदस्यता विस्तार अभियान सञ्चालन | | | १५००००.०० |
| २० | दैनिक भ्रमण भत्ता | संस्थागत कार्यक्रममा सहभागि हुन जाँदा वापतको दैनिक भ्रमण भत्ता भुक्तानी खर्च | | | १५००००.०० |
| **जम्मा हिसाव** | | | **३४४००००.००** | **२५१४४८६.५२** | **३९८५०००.००** |

अनूसुची ६ (बजार खर्च)

| क.स | विवरण | कार्यक्रम | आ.व. ०७८/०७९ को प्रस्तावित | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| १ | बजार सर्वेक्षण | प्रत्येक ३ महिनामा ४ पटक बजार सर्वेक्षण गर्ने प्रतिवेदन सहित | | | २००००.०० |
| २ | विज्ञापन लेख | रेडियो तथा पत्रिकामा सूचना प्रकाशन प्रसारण | ४००००.०० | २६८६०.०० | १००००.०० |
| ३ | प्रर्वद्धनका सामाग्री निर्माण | संस्थाको वृत्तचित्र तथा अन्य सदस्य शिक्षाका लागि आवश्यक सामाग्री निर्माण, प्रकाशन तथा प्रचारप्रसार | | | ३००००.०० |
| जम्मा हिसाव | | | ४००००.०० | २६८६०.०० | ६००००.०० |

अनूसुची ७ (अन्य प्रशासनिक तथा सञ्चालन खर्च)

| क.स | विवरण | कार्यक्रम | आ.व. ०७८/०७९ को प्रस्तावित | आ.व. ०७८/०७९ को यथार्थ | आ.व. ०७९/०८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| १ | नेट तथा वेभ नविकरण | वेभ साईट तथा इन्टरनेट नविकरण तथा सञ्चालन | १०००००.०० | ८४७५०.०० | ८००००.०० |
| २ | स्टेसनरी तथा मसलन्द एवं छपाई तथा प्रकाशन | संस्था संचालनका लागि आवस्यक स्टेसनरी तथा मसलन्द एवं विविध प्रकाशन तथा कार्यालय सामाग्री छपाईका लागि | ३५००००.०० | ३३५९६०.३७ | ४५००००.०० |
| ३ | विमा | भल्ट, काउण्टर र अन्य विमा | २००००.०० | १२७३५.०० | २०००००.०० |
| ४ | सुचना तथा विधुत र पानी | कार्यालय टेलिफोन, विद्युत र खानेपानी | ५००००.०० | ७२१२४.०० | १०००००.०० |
| ५ | अपलेखन तथा नखप्ने सामान | वोर्ड तथा अन्य सामान | १५०००.०० | ०.०० | १००००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | खाजा नास्ता | विभिन्न बैठक तथा गोष्ठिहरुमा खाजा खर्च र अतिथि सत्कार | ३0000.00 | ५७४५.00 | २0000.00 |
| ७ | पत्रपत्रिका | दैनिक, राष्ट्रिय पत्रपत्रिकाहरु खरिद | १५000.00 | २७00.00 | १0000.00 |
| ८ | मर्मत तथा इन्धन | कार्यालयको विविध मर्मत तथा ईन्धन | ५0000.00 | ४५३0५.00 | ५0000.00 |
| ९ | ढुवानी तथा ज्याला | कार्यालय मालसामान ओसार पसारका लागि | १0000.00 | १६५0.00 | १0000.00 |
| १0 | सफ्टवेयर नविकरण तथा सञ्चालन | सफ्टवेयर, एसएमएस र मोवाईल बैंकिङ | १३0000.00 | १३२0५८.५0 | १५0000.00 |
| ११ | बाह्य ऋणमा सेवा शुल्क र मुल्याकंन | बाह्य ऋण प्राप्तीका लागि आवश्यक धितो मुल्याकंन तथा सेवा शुल्क | १0000.00 | ५८0२३.00 | ८0000.00 |
| १२ | अन्य (विविध भैपरी आउने खर्च) | अन्य संचालन खर्च तथा नपुग रकमान्तर | ५0000.00 | २६८३८.१७ | ५0000.00 |
| १३ | शुल्कहरु भुक्तानी | रेमिट्यान्स, सदस्यता नविकरण र बैंक चार्ज | २0000.00 | २१७६८.२६ | ३0000.00 |
| १४ | कार्यालय व्यवस्थापन खर्च | सुरक्षा सामाग्री खरिद र सरसफाई एवं कोरोना व्यवस्थापन खर्च | ५0000.00 | ४४८0.00 | २0000.00 |
| १५ | धितो मुल्याकंन सेवा | ऋण लगानीका क्रममा प्राविधिकबाट धितो मुल्याकंन सेवा वापतको शुल्क | ५0000.00 | ३९000.00 | 0.00 |
| **जम्मा हिसाव** | | | **९५0000.00** | **८४३१३७.३0** | **१२६0000.00** |

**सम्पत्तिजन्य सामान खरिद खर्च**

| क्र.स | विवरण | कार्यक्रम | आ.व. 0७८/0७९ को प्रस्तावित | आ.व. 0७८/0७९ को यथार्थ | आ.व. 0७९/0८0 को प्रस्तावित |
|---|---|---|---|---|---|
| १ | सदस्यता फाईल दराज | सदस्यता फाईल र ऋणको फाइल राख्नका लागि | १५0000.00 | 0.00 | २00000.00 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | चारखाना फाइल दराज | | | |
| २ | कार्यालयको भौतिक सुधार | संस्थाको भवन पछाडीको जग्गामा तारबार तथा पर्खाल निर्माण | ३५००००.०० | ५७०९७.०० | |
| ३ | कार्यालय उपकरण खरिद | पावर ब्याकअप, कम्प्युटर, ल्यापटप, प्रिन्टर तथा अन्य विद्युतिय उपकरण खरिद | ३५००००.०० | ११८४९९.०० | |
| ४ | फर्निचर खरिद | सभाहलमा कुर्ची तथा अन्य फर्निचरहरु खरिद | २५००००.०० | २२६६४.०० | |
| ५ | भवन निर्माण | संस्थाको नयाँ भवन निर्माण तथा सभाहल निर्माण | | | ५८०००००.०० |
| ६ | कार्यालय उपकरण खरिद | कम्प्युटर, ल्यापटप, प्रिन्टर तथा अन्य विद्युतिय उपकरण खरिद | ०.०० | ०.०० | ३०००००.०० |
| | **जम्मा हिसाव** | | **११०००००.००** | **१९८२६०.००** | **६३०००००.००** |

**पर्ल्स विश्लेषण तालिका:**

नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ नेफ्स्कुन विच मिति २०७५ साल श्रावण १९ गते पूर्ण तथा व्यवसायिक साकोस विकास कार्यक्रम (PROBATION) को सम्झौता भएपश्चात निरन्तर पर्ल्स अनुगमन विश्लेषण गरि सुरक्षित तरिकाले संस्थाको वित्तिय कारोबार भएको छ । नेफ्स्कुनको सुझाव अनुसार सुधारका कार्यक्रमहरु गरिएको छ । प्रोवेशन कार्यक्रम पश्चात संस्थाका अधिकांश वित्तिय सूचकहरु मपदण्ड बमोजिम नै रहेको छन् भने केहि सूचकहरुमा आगामी दिनमा सुधार गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दछु । संस्थाको २०७९ असार मसान्तको पर्ल्स अनुगमन विश्लेषण तालिका निम्नानुसार रहेको छ ।

| ***Indicators* (सुचकहरू)** | | ***लक्ष्य*** | ***कायम अंक*** | ***आधार अंक*** | ***नतिजा*** |
|---|---|---|---|---|---|
| ***P = Protection* (सुरक्षण)** | | | | | |
| P1 | १२ महिना भन्दा बढी भाखा नाघेको ऋणको लागि कोषको ब्यावस्था | १००% | २२२८७९४.८५ | २२२८७९४.८५ | १००.०० |
| P2 | १ महिना देखि १२ | ३५% | ३०५९७६३.५९ | ८७४२१८१.६९ | ३५.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | नाघेको ऋणको लागि कोषको ब्यवस्था | | | | |
| P2 x | भाखा ननाघेको असल ऋण रकमको लागि गरिएको ऋण सुरक्षण कोषको अवस्था | १% | १९६४४५३.५६ | १९६४४५३३२.५२ | १.०० |
| P6 | तिर्न सक्ने सक्षमता | ११०% भन्दा बढी | २२९,५६८,९५९.०२ | २१३,८८७,९९३.५० | १०७.३३ |
| ***E = Effective financial structure*** **(प्रभावकारी बितिय संरचना)** | | | | | |
| E1 | कुल सम्पतिमा खुद ऋणको अुनपात | ७०%–८०% | २००,१६३,२९७।२९ | २५३,२५२,५९६।५९ | ७९.०४ |
| E2 | कूल सम्पत्तिको अनुपातमा तरल लगानी | बढीमा १६% | ३८,६४९,६२२।२१ | २५३,२५२,५९६।५९ | १५.२६ |
| E3 | कूल सम्पत्तिको अनुपातमा वित्तीय लगानी | बढीमा २% | २,३२१,२३४।०८ | २५३,२५२,५९६।५९ | ०.९२ |
| E4 | कूल सम्पत्तिको अनुपातमा गैर वित्तीय लगानी | ०% | ० | २५३,२५२,५९६।५९ | ०.०० |
| E5 | कुल सम्पतिमा बचतको अुनपात | ७०%–८०% | १८९,०७३,७९३।५० | २५३,२५२,५९६।५९ | ७४.६६ |
| E6 | कुल सम्पतिमा बाह्य ऋणको अनुपात | ५% भदा कम | १०,०००,०००।०० | २५३,२५२,५९६।५९ | ३.९५ |
| E7 | कुल सम्पतिमा शेयरपुँजीको अनुपात | बढीमा २०% | २४,८१४,२००।०० | २५३,२५२,५९६।५९ | ९.८० |
| E9 | कुल सम्पतिमा खुद संस्थागत पुँजीको अनुपात | कम्तीमा १०% | १५,६८०,९६५।५२ | २५३,२५२,५९६।५९ | ६.१९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ***A = Assets quality*** **(सम्पतिको गुणस्तर)** | | | | | |
| A1 | कुल ऋणको अनुपातमा भाखा नाघेको ऋण | ५% भन्दा कम | १०,९७०,९७६।५४ | २०७,४१६,३०९।०६ | ५.२९ |
| A2 | कुल सम्पतिमा नकमाउने सम्पतिको अनुपात | ५% भन्दा कम | ४८६५४३१।२४ | २५३,२५२,५९६।५९ | १.९२ |

| | | | | | |
|---|---|---|---|---|---|
| A3 | शुद्ध लागतरहित कोषमा आय आर्जन नगर्ने सम्पतीको अनुपात | २०० % भन्दा बढी | १५,६८०,९६५।२९ | ४८६५४३१।२४ | ३२२.२९ |
| ***R = Rate of return* (आम्दानी र खर्चको प्रतिफल दर)** | | | | | |
| R1 | औषत कूल शुद्ध ऋण लगानीको अनुपातमा ऋण लगानीबाट प्राप्त आम्दानी | औषत ब्याजदर | २८,८२०,२६८.०३ | १८६,४६५,१००।१८ | १५.४६ |
| R2 | औषत तरल सम्पत्तीको अनुपातमा तरल लगानीबाट प्राप्त आम्दानी | बजार दर | १,३४१,०००.१२ | ३६,२१८,४६४।९७ | ३.७० |
| R3 | औषत वित्तिय लगानीको अनुपातमा वित्तिय लगानीबाट प्राप्त आम्दानी | बजार दर | २८३,६६१.१० | २,३०२,११९।०७ | १२.३२ |
| R5 | औषत बचतको अनुपातमा बचतमा तिरेको ब्याज खर्च | बजार दर | १६५३०६९२।७२ | १७६२५०७१२।७ | ९.३८ |
| R6 | औषत बाह्य ऋणको अनुपातमा बाह्य ऋणमा तिरेको ब्याज खर्च | बजार दर | १७४६६।०० | ५०००००० | ०.३५ |
| R7 | औषत शेयर पुँजीको अनुपातमा लाभांस वितरण | बजार दर >= R5 | २२२०७४८।५७ | २२५१३९५० | ९.८६ |
| R9 | औषत सम्पतिमा संचालन खर्चको अनुपात | ५% भन्दा कम | ६,८१२,१००।३१ | २२९१९७३८५।२ | २.९७ |
| ***L = Liquidity* (तरलता)** | | | | | |
| L1 | कुल निक्षेपमा तलरता | १६% | ३९,०७८,३१९।०० | १८९,०७३,७९३।५० | २०.६७ |
| L3 | कुल सम्पतिमा आय आर्जन नगर्ने तरल सम्पतिको अनुपात | १% भन्दा कम | ४२८६९६।७९ | २५३,२५२,५९६।५९ | ०.१७ |
| ***S = Sign of growth* (वृद्धिका संकेतहरू)** | | | | | |
| S10 | सदस्य बृद्धिदर | १२% भन्दा बढी | २२१ | २२२५ | ९.९३ |
| S11 | कुल सम्पति बृद्धिदर | मुद्रा स्फिति भन्दा बढी | ४८११०४२२।८७ | २०५१४२१७३।७२ | २३.४५ |

*आदरणीय शेयर सदस्य महानुभावहरु,*

अन्त्यमा, यस संस्थाको आ.व. ०७८/०७९ को वित्तिय कारोबार र आ.व. ०७९/०८० को प्रस्तावित बजेट धैर्यताका साथ सुनिदिनु भएकोमा हार्दिक धन्यवाद दिँदै आगामी बर्षहरुमा पनि शेयर सदस्यहरुको सम्पत्ती सुरक्षा र संस्थालाई व्यवसायीक बनाउन सदा तत्पर रहने साथै यहाँहरुको सेवामा अनवरत रुपमा खटिरहने बाचा गर्दछौं । उपस्थित सम्पुर्णमा बडा दशैं, आउँदै गरेको शुभ दिपावली र छठ पर्वको शुभकामना दिँदै शेयर सदस्य ज्यूहरुमा प्रस्तुत गरिएको प्रगति प्रतिवेदन अनुमोदन र आ.व. ०७९/०८० को प्रस्तावित बजेट पारित गरिदिनहुन अनुरोध गर्दछु ।

धन्यवाद ! जय सहकारी । जय जनकल्याण ॥

**हरी प्रसाद पौडेल**
कोषाध्यक्ष

# ऋण माग गर्दा पेश गर्नु पर्ने आवश्यक कागजात

## बचत जमानतबाट ऋण माग गर्दा

**१. आफ्नो मात्र बचत जमानतबाट ऋण माग गर्दा**

१.१ ऋण निवेदन फारम ।
१.२ सदस्य भएको ३ महिना पुग्नु पर्ने ।
१.३ निरन्तर रुपमा नियमित बचत गरेको पुष्ट्याई हुने पासबुक ।
१.४ बचत धितो जमानत राख्ने मन्जुरीनामा ।

**२. आफ्नो र अन्य शेयर सदस्यहरुको बचत जमानतबाट ऋण माग गर्दा**

२.१ ऋण निवेदन फारम ।
२.२ सदस्य भएको ३ महिना पुग्नु पर्ने ।
२.३ निरन्तर रुपमा नियमित बचत गरेको पुष्ट्याई हुने पासबुक ।
२.४ बचत धितो जमानत राख्ने मन्जुरीनामा (कार्यालयमा उपस्थित हुनपर्ने) ।

**३. घर जग्गा धितो जमानतबाट ऋण माग गर्दा**

३.१ ऋण निवेदन फारम ।
३.२ सदस्य भएको ३ महिना पुग्नु पर्ने ।
३.३ निरन्तर रुपमा नियमित बचत गरेको पुष्ट्याई हुने पासबुक ।
३.४ धितो जमानत राख्ने घर जग्गाको प्रिन्ट नक्सा ।
३.५ चालु आ.ब. को राजस्व तिरेको रसीद ।
३.६ त्रितो जमानत राख्ने घर जग्गाको चार किल्ला प्रमाणीत ।

# २७ औं वार्षिक साधारण सभामा प्रस्तुत लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन २०७९



यस जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. वीरेन्द्रनगर १ सुर्खेतको २७औं वार्षिक साधारण सभाका अध्यक्षज्यू, कार्यक्रमलाई सफल पार्न पाल्नु भएका प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथी ज्यूहरु, सहकारी संस्थाका संचालक ज्युहरु तथा उपसमितिका पदाधिकारी ज्युहरु । यस साधारण सभालाई सफल बनाउन उपस्थिती रहनु भएका संस्थाका शेयर सदस्य ज्यूहरु, पत्रकार ज्यूहरु, व्यवस्थापन पक्षमा रहनु र खटिनु भएका महानुभावहरु र अन्य सम्पुर्ण माहानुभावहरु

यस साधारण सभामा उपस्थित हुनुभएका सम्पुर्ण व्यक्तित्व तथा महानुभाव ज्यूहरुमा लेखा सुपरिवेक्षक समितिका तर्फबाट हृदय देखि स्वागत तथा सहकारी को न्यानो अभिवादन व्यक्त गर्न चाहान्छौ । यस सहकारी संस्थामा आवद्ध सम्पुर्ण शेयर सदस्य ज्यू हरुको मर्म भावना तथा प्रचलित ऐन नीयम, कानुन एवं सहकारी सिद्धात मुल्य मान्यता बमोजिम संस्थाको शुशासन एवं दिगो विकासको लागि यस समितिको तर्फबाट आजको दिन सम्म आवश्यकता अनुसार सक्रिय रुपमा भुमिका निर्वाह गरिरहेको विश्वास व्यक्त गर्दछौ ।

**आदणिय शेयर सदस्य महानुभावहरु**

नेपालको संविधान २०७२ को भावना र मर्म अनुरुप राष्ट्रले परिकल्पना गरेको ३ खम्वे अर्थनीति अनुरुप राष्ट्रिय अर्थतन्त्रको महत्वपुर्ण एउटा खम्वाको रुपमा स्थापित सहकारी क्षेत्रलाई सुव्यवस्थित र सक्षम गर्ने कार्यमा यस जनकल्याण बचत तथा ऋण सहकारी संस्थाले सहरकारीको दिगो परिकल्पना लाई साकार पार्ने सोच र लक्ष्य अनुरुप कार्य गरि रहेको छ । संस्थाले समाजिक उत्तरदायित्व सहितको विभिन्न सेवा प्रदान गरिरहेको छ । संस्थाले संचालन गरीरहेका कार्यक्रमहरु लाई सहकारी सिद्धान्त, मुल्य मान्यता, भावना तथा वर्तमान सहकारी ऐन नियमावली एवं संस्थाको विनियम र नीति तथा कार्यविधी अनुसार सदस्यको आवश्यकता अनुसार संस्थालाई अग्रगती प्रदान गर्न लेखा सुपरिवेक्षण समितिले आवश्यक सुझाव सहित रचनात्मक भुमिका निर्वाह गरिरहेको यहाँहरुलाई विश्वास दिलाउन चाहान्छौ । लेखा सुपरिवेक्षक समितिको विभिन्न मितिमा बसेको वैठकको निर्णयबाट दिइएका सुझावहरु संस्थाको विनियम नीति कार्यविधिहरु र सहकारी ऐन नियम र मापदण्ड अनुसार संस्थाका कार्यक्रमहरु संचालनका सम्वन्धमा निम्नानुसारको संरचनामा तयार गरिएको प्रतिवेदन यस सम्मानित साधारण सभामा पेश गरेका छौं ।

**आन्तरिक लेखापरिक्षणका क्रममा लेखा सुपरिवेक्षण समितिको तर्फबाट अवलम्बन गरिएका विधिहरुः**

१) **निर्णय पुस्तिकाको अध्ययनः** साधारणसभा, संचालक समिति, विभिन्न उपसमिति तथा कार्यदलका निर्णय पुस्तिकाहरुको अध्ययन गरी पाइएका त्रुटिहरु सुधारका लागि सुझाव दिने कार्य भएको ।

२) **ऋण प्रभावको विषयमा अध्ययन र विश्लेषण :**

संस्थाबाट लागनी गरिएको ऋण विषयमा अध्ययन जस्तै भौचर, सदस्यहरुलाई विभिन्न कार्यमा लगानी गरिएको कर्जाको गुणस्तर पहिचानका लागि निरिक्षणका क्रममा ऋण व्यवस्थित तालिकाको अध्ययन, ऋणीहरुको फाइलमा रहेका कागजपत्रहरुको अध्ययन, नमुना छनौटको आधारमा परियोजना र धितो

निरिक्षण समेत अध्ययन र विश्लेषण गरी पाइएका कमी कमजोरी र सुधारको लागि आवश्यक सुझाव प्रदान गरिएको ।

३) **आर्थिक शुसासन तथा पारदर्शिता को अध्ययन :**

संस्थको तर्फबाट गर्नुपर्ने भुक्तानीको नियमितता पुरा भए नभएको, खर्चको क्रममा पारित बजेटको सिमा पालन गरिएको वा नगरिएको प्रचलित ऐन नियम, कानुन संस्थाको आर्थिक नीति कार्यविधी पालना गरे नगरेको बैंक हिसाव मिलान गरे नगरेको जनरल भौचर र सो संग सम्वन्धित विल भरपाइ र कागजातहरुको सपरिक्षण गरिएको ।

४) **सम्पत्ती सामानहरुको विषयमा अध्यायन:**

संस्थाको कार्य प्रयोजनका लागि खारिद गरिएका सम्पती तथा सामानहरुको अभिलेख व्यवस्थित भए नभएको/ अभिलेख अनुसार सामानहरु संस्थामा भए नभएको भौतिक सम्पत्तीहरुको उचित प्रयोग भए नभएको विषयमा अध्ययन र निरिक्षण गरिएको ।

५) **कार्यालयको सरसफाई, सामानको सजावट (लेआउट) को अध्ययन:**

कार्यालय भित्रका फर्निचर सामान, फाइल, कागजात, रजिष्ट्रार, यन्त्र उपकरणहरु ठिक अवस्थामा तथा उचित प्रयोग को अध्ययन गरी उचित सर सल्लाह दिइएको ।

६) **भल्ट चेक गर्ने कार्य गरेको:**

संस्थाको कार्यलयमा रहेको नगदी कोष (भल्ट) चेक गरी भल्टमा भएको नगद तथा अभिलेख मिलान गरी हेर्ने काम गरिएको ।

७) **पुर्व आन्तिरिक लेखापरिक्षणको अध्ययन र अनुसरण:**

संस्थाको लेखा सुपरिवेक्षण समितिले अघिल्लो आर्थिक वर्षहरुमा संस्थागत विकासमा थप टेवा पुऱ्याउनको लागि प्रदान गरिएको सल्लाह सुझावलाई व्यवस्थापन पक्षबाट कार्यान्वयन भए नभएको विषयमा समेत अध्ययन र विश्लेषण गरी पुनः सल्लाह सुझाव दिनुपर्ने अवस्था देखिएको विषमा थप सल्लाह सुझाव प्रदान गरिएको ।

८) **संस्थाले आयोजना गरेका विभिन्न संयुक्त बैठकहहरुको अभिलेख:**

संस्थाको संचालक समिति तथा व्यवस्थापक र अन्य कर्मचारी लगाएत विभिन्न विषयमा सरोकारवाला निकायसंग संस्थागत विकासको लागि आयोजना गरिएका विभिन्न कार्यक्रमसंग सम्वन्धित कागजपत्रहरुको अध्ययन तथा भएका निर्णयहरु र निर्णय कार्यान्वयनको अवस्था वारे विश्लेषण गरी आवश्यक सल्लाह सुझाव प्रदान गरिएको ।

**आदणिय शेयर सदस्य महानुभावहरु**

यस सहरकारी संस्थाको आन्तरिक लेखापरिक्षण तथा अनुगमनका क्रममा आ.व. ०७८।०७९ मा लेखा सुपरिवेक्षण समितिको वैठक निम्नानुसार सम्पन्न भएका छन् ।

| क्र.स. | मिति | अवधि | उपस्थिती विवरण |
|---|---|---|---|
| १ | २०७८।७।१३ | २०७८ कार्तिक १३ देखि १५ गते सम्म | १०० प्रतिशत |
| २ | २०७८।१०।०९ | २०७८ माघ ७ देखि ९ गते सम्म | १०० प्रतिशत |
| ३ | २०७९।२।१४ | २०७९ जेठ १४ देखि १६ गते सम्म | १०० प्रतिशत |
| ४ | २०७९।४।५ | २०७९ श्रावण ५ गते | १०० प्रतिशत |

सोहि अवधिमा समितिको तर्फबाट भएको अध्ययनबाट प्राप्त सूचना र जानकारीलाई साराशंमा निम्नानुसार उल्लेख गरका छौँ।

१. संस्थाको नाम र ठेगाना : जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि., वी.न.न.पा. १, सुर्खेत।

२. सञ्चालक समितिको बैठक संख्या, बैठक भत्ता सुविधा र निर्णय कार्यान्वयनको अवस्था : बैठक संख्या २०, निर्णय संख्या १५७, बैठक भत्ता सुविधा १५ बैठक र निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको।

३. सञ्चालक संख्या : ११ जना।

४. ऋण लगानीको प्रक्रिया र धितो सुरक्षण सम्बन्धी व्यवस्था : व्यवस्थित र सुरक्षित रहेको।

५. ऐन, नियम, कानुन र मापदण्ड परिपालनाको अवस्था : पालना भैरहेको।

६. आर्थिक सुशासन र पारदर्शिता : सन्तोषजनक देखिएको।

७. सम्पत्ति सामानको सुरक्षा र सदुपयोगिता : सन्तोषजनक देखिएको।

८. कार्यकक्षको आकर्षण र सजावट : सन्तोषजनक देखिएको।

९. मानव संशाधन व्यवस्थापन नीति : भएको/कार्यान्वयनमा आएको।

१०. भर्ना प्रक्रिया पारदर्शी र प्रतिस्पर्धी भए नभएको : भएको।

११. कर्मचारी र कार्यबोझको अवस्था : तादम्यता रहेको।

१२. कर्मचारी संख्या : ६ जना

१३. सञ्चालक समिति अध्यक्षको सेवा सुविधा : मासिक सञ्चार तथा यातायात खर्च : रु. ७०००, प्रति बैठक भत्ता रकम रु. १०००।– (वार्षिक १५ बैठक)

१४. व्यवस्थापन प्रमुख (Manager) को योग्यता र क्षमता सम्बन्धी विवरण : (स्नातकोत्तर -अर्थशास्त्र), ६ बर्षको सरकारी कामकाजको अनुभव, संस्था विकास तालिम, पर्ल्स, लेखा, व्यवस्थापकको क्षमता अभिवृद्धि लगाएत आधा दर्जन तालिम, ४ बर्षको व्यवस्थापन अनुभव र सहकारी व्यवस्थापक कोर्षको अध्ययन पुरा गरेको।

१५. व्यवस्थापन प्रमुख (Manager) को सेवा सुविधा : मासिक आधारभुत तलब स्केल रु.३७९९०।–, सामाजिक सुरक्षा कोष सुविधा, मासिक सञ्चार खर्च रु. ३०००, १ महिनाको आधारभुत तलब बराबर बार्षिक चाडपर्व खर्च, कर्मचारी बोनस कोष अनुसार बार्षिक बोनस।

१६. लेखा सुपरिवेक्षण समितिले दिएका सुझावहरु कार्यान्वयनको अवस्था : कार्यान्वयन भैरहेको।

१७. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :

**संस्थाले कार्यसम्पादनमा देखिएका राम्रा पक्षहरु**

- ➢ संस्थाको आन्तरिक लेखापरिक्षण मार्फत प्रदान गरिएका सल्लाह सुझावहरुलाई धेरै भन्दा धेरै कार्यान्वयन गरेको पाइयो ।
- ➢ संस्थाको आर्थिक नीति, नियम अनुसार संस्था व्यवस्थापन गरेको पाइयो ।
- ➢ सम्पुर्ण कारोवार वैज्ञानीक प्रणाली अनुसार अभिलेखिकरण गरेको र सफट्वेयर क्लाउड सर्भरमा सुरक्षित गरेको पाइयो ।
- ➢ संस्थाको कागजपत्रहरुहरु व्यवस्थित र आवश्यकता अनुसार सहजै प्राप्त गर्न सकिने गरि व्यवस्थापन गरेको पाइयो ।
- ➢ प्रतिदिन भएका कारोवार सोही दिनमै प्रविष्ट गरिएको पाइयो ।
- ➢ कोपोमिसको पुर्ण रुपमा प्रयोग र अध्यावधिक भएको पाइयो ।
- ➢ सहकारी विभाग, अभियान तथा सम्वन्धित निकायको मार्गदर्शन तथा निर्देशनहरु तथा ऐन नियमको परिपालना गरेको पाइयो ।
- ➢ कर्मचारीको कार्यसम्पादनमा दक्षता अभिबृद्धि भएको पाइयो ।
- ➢ विभिन्न चाडपर्व तथा सरकारी विदामा पनि सहकारी मार्फत निश्चित समयमा सेवा प्रवाह गरेको पाइयो ।
- ➢ कर लगाएतका तिर्नु तथा बुझाउनु पर्ने दायित्व रकम समयमै बुझाएको पाइयो ।
- ➢ सम्वन्धित निकायमा पेश गर्नुपर्ने प्रतिवेदनहरु समयमै पेश भएको र अभिलेखिकरण गरेको पाइयो ।
- ➢ संस्थासंग सम्वन्धित विभिन्न जानकारी, सुचना, क्रियाकलापहरुलाई विधुतीय सामाग्री तथा सामाजिक संजालहरु मार्फत सवैलाई जानकारी गराउने गरेको पाइयो ।
- ➢ संस्थाको आवश्यकता अनुसार विभिन्न नीति तथा निर्देशिका साथै कार्यक्रमहरु तयार गर्दा सहभागितामुलक छलफल गरी प्राप्त सल्लाह सुझालाई समेत समायोजन गरी निर्माण गरेको पाईयो ।

**लेखा सुपरिवेक्षण समितिका तर्फबाट दिएका सुझावहरुः**

- ➢ गत वर्षहरुमा भन्दा यस सहकारी संस्थाको आर्थिक क्रियाकलाप तथा अन्य भैपरी आउने कार्यहरुको पनि विकास र विस्तार भै रहेको हुँदा संस्थाको स्तर वृद्धि लाई सहयोग पुग्ने किसिमका कार्यहरु सवै पक्ष बाट हुन सुझाव दिएको छ । जस्तै संस्थाको संचालक समितिका निर्णयहरुले संस्थाको प्रगती हुने कार्यमा प्रत्येक वैठकमा सोच्नु पर्ने ।
- ➢ व्यवस्थापक लगायत सवै कर्मचरीहरुको कार्य दक्षतामा पनि पहिलाको भन्दा स्तरीय ढंगले काम गर्ने शैलिको विकास हुनुपर्ने ।
- ➢ कर्मचारीहरुको कार्य स्तरको वृद्धि गराउनका लागि आलोपालो ढंगले कर्मचारीहरुलाई तोकिएको कार्य संग सुहाउदो खालको तालिम दिने विषयमा पनि संस्थाले सोच्नुपर्ने देखिन्छ।
- ➢ संस्थामा खरिद गरिएका खर्च भएर नजाने तथा खर्च भएर जाने सामानहरुको अभिलेख हेर्दा खर्च नभएर जाने सामानहरुको अभिलेख व्यवस्थित देखिएतापनि खर्च भएर जाने सामानको अभिलेख व्यवस्थित नदेखिएको हुँदा सामानहरुको अभिलेख नियमित रुपमा अध्यावधिक गर्ने र स्पष्ट ढंगले बुझिनेगरी अभिलेखमा उल्लेख गर्नुपर्ने देखिन्छ।
- ➢ संस्थाद्धारा आयोजित विभिन्न तालिम गोष्ठिहरुमा प्रशिक्षक सेवा सुविधा संस्थाले प्रयोग गर्दा र सोही अनुसारको सेवा सुविधा प्रदान गर्दा संस्था र प्रशिक्षक विच सम्झौता गरी सोही अनुसार गर्न गराउनको लागि अनुरोध गर्दछौं ।

- साधारण सभाबाट अनुमोदन गराउनुपर्ने विषय तथा संचालक समिति मार्फत अनुमोदन गराउनु पर्ने विषयमा राम्रो संग ध्यान दिई अनुमोदन गराएर मात्र कार्यक्रमहरु संचालन गर्ने र खर्च लेख्ने कार्य गर्नुहुन सुझाव दिइएको छ।
- सहकारीको गतिविधिलाई शेयर सदस्य तथा सरोकारवाला निकायलाई जानकारी गराउनको लागि निर्माण गरिएका प्रविधि जस्तै मोवाइल एप्स, वेभसाइट लाई सवै शेयर सदस्यहरुलाई अभिमुखिकरण गर्नुका साथै वेभसाईट लाई निरन्तर अध्यावधिक गर्नुपर्ने सुझाव पेश गरिएको छ।
- संस्थाको कार्यसमिति तथा विभिन्न उपसमितिलाई दिएको जिम्मेवारी अनुसार आफ्नो कार्य सम्पादनलाई प्रभावकारी र कुशलता पुर्वक सम्पन्न गर्नको लागि आवश्यक क्षमता विकास गर्नुपर्ने र जिम्मेवारी अनुसारको कार्य सम्पादन गरे नगरेको अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने सुझाव पेश गरिएको छ।
- समय अनुसार सहकारीले आर्थिक विकास, सामाजिक विकास, शेयर सदस्यको सम्पतिको उचित व्यवस्थापन र परिचालन साथै पारदर्शिता र जवाफदेहिता कायय गर्दै दिन प्रतिदिन आफ्नो कार्यशुलतालाई विस्तार गर्दै गैरहेको र विभिन्न क्षेत्रवाट सम्मान तथा पुरस्कृत हुदै आईरहेको हुदा आगामी दिनमा संस्थालाई थप आर्थिक विकास र संस्थाको कार्यक्षेत्रलाई विस्तार र व्यवस्थापन लाई महत्वुपर्ण योजनाका साथ अघि बढाउनको लागि हार्दिक अनुरोध गर्दछौ।

**लेखासुपरिवेक्षण समिति**
संयोजक : लाल बहादुर खत्री
सदस्य : तेज सोनाम
सदस्य : राकेश पौडेल

## ऋण माग गर्ने सदस्यले पुऱ्याउनुपर्ने आवश्यक कागजातहरू

- व्यवसाय/फर्म दर्ता प्रमाण-पत्र प्रतिलिपि
- कर चुक्ता प्रमाण-पत्र प्रतिलिपि
- ऋणीको नेपाली नागरिकताको प्रतिलिपि
- जग्गाको प्रमाण-पूर्जा
- चालु आ.व.को तिरो तिरेको रसिद
- चारकिल्ला
- निलो/ट्रेस सक्सा
- मञ्जुरीनामा दिने व्यक्तिको नागरिकताको प्रतिलिपि
- आयश्रोतको प्रमाणित विवरण
- ऋण मञ्जुरीनामा
- ५ (सी) विश्लेषण फारम
- व्यवसायीको स्थलगत व्यवसाय विश्लेषण फाराम
- ऋण संरक्षण/धितो मूल्याङ्कन फारम
- ऋण तमसुक
- धितो जग्गा दृष्टिबन्धक
- ऋण माग फारम (व्यावसायिक/व्यक्तिगत) विवरण
- ऋणी सदस्य/धितोकर्ताको २/२ प्रति पासपोर्ट साइजको फोटो
- मोवाइल नं. अध्यावधिक

# २७औं वार्षिक साधारणसभामा प्रस्तुत ऋण उप-समितिको वार्षिक प्रगति प्रतिवेदन-२०७९



२७औं वार्षिक साधारण सभाका सभाध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, बिशेष अतिथिज्यू, संचालक समितिका पदाधिकारी तथा सदस्यज्यू, उप-समितिका सदस्यज्यू, सल्लाहकार महोदयहरु, लेखा सुपरीवेक्षक समितिका संयोजक तथा सदस्यज्यू, पूर्व संचालक समिति तथा आदरणिय शेयर सदस्य ज्यूहरु सम्पूर्णमा न्यानो अभिवादन।

**आदरणिय शेयर सदस्यज्यूहरु,**

सहकारी सम्वृद्धिको अभियान हो। यसले आर्थिक वृद्धि तथा सामाजिक, साँस्कृतिक, वातावरणिय विकास र समावेशिता लाई प्रवर्दन गर्ने, जनतालाई एकावद्ध गरी उद्यमशिलता र लोकतान्त्रिक सहभागिताका आधारमा प्रतिफल बाँड्दै दिगो विकासको माध्यमको रुपमा समाजमा स्थापित संस्था हो। सहकारी सामुहिक र सामाजिक स्वामित्व भएको उत्पादन प्रणाली हो, जसमा समाजका विभिन्न जातजाती, भाषा भाषी, राजनितिक आस्था भएका मानिसहरुले उत्पादनका साधनको आधारमा समान हकदार भएका हुन्छ।

**अत:** हाम्रो जस्तो बचत तथा ऋण सहकारीले मुख्य रुपमा बचत संकलन गरी आवश्यकताका आधारमा आफ्ना शेयर सदस्यहरुलाई बढि भन्दा बढि उत्पादनशिल स्थानमा लगानी गरी सम्वृद्धिको यात्रा तय गर्न ऋण लगानि गर्ने र असुलिको कौशलताबाट अरुलाई लगानि गरी सम्वृद्धिको मार्ग तय गरेका हुन्छ। कुनैपनि व्यक्तिले ऋण उन्नति र प्रगतिको लागी लगेको हुन्छ नकि घ्यु खानका लागी।

यो संस्था २०५२ साल जेष्ठ २८ गते विधिवत रुपमा दर्ताभई आजसम्म आफ्ना २६औं बसन्त पार गरी २७औं बर्षमा प्रवेश गरेर आफ्ना कार्य संचालन गरी रहेको शुभ अवसरमा सम्पुर्णमा मेरो व्यक्तिगत तथा जनकल्याण साकोसको तर्फबाट सहकारी अभिवादन दिदै अव म २३औं साधारण सभा पश्चात २७औं साधारण सभा सम्म यस साकोसको ऋण उप-समिति बाट ऋण लगानी र असुलिको अवस्था र २६ औं साधारण सभादेखि आज सम्मको एक वर्षको अवधिमा भएका लगानी र असुलिको विवरण प्रस्तुत गर्न चाहान्छु।

| आ. व. | ऋण लगानी | असुलि | असुल हुन बाँकी ऋण |
|---|---|---|---|
| ०७४/०७५ | ६८८१९५००.०० | ४८३१९०५६.०० | ५८८७२५४९.०० |
| ०७५/०७६ | १११४९७८४४.०० | ६७१०७९६८.०० | १०३२६२४२५.०० |
| ०७६/०७७ | ९४५७७८००.०० | ६५६१४६४३.७१ | १३२२२५५८१.२९ |
| ०७७/०७८ | १३३१६२५००.०० | ९९८७४१८८.९९ | १६५५१३८९१.३० |
| ०७८/०७९ | २०४०८४०००.०० | १६२१८१५८२.२४ | २०७४१६३०९.०६ |
| जम्मा | | | |

**१) बैठक तथा निर्णयहरु**

यस साकोसको आ.व. ०७८/०७९ को अन्त्यसम्ममा ऋण उप-समितिको २१ वटा बैठक बसी ४२ वटा निर्णयहरु गरियो। ऋण लगानी सम्बन्धी १७ वटा निर्णय गरी ८० जनालाई ऋण लगानी गरेको र ३ वटा निर्णय ऋण अनुमोदन सम्बन्धमा भएको छ। असुलीको लागि भने १२ वटा निर्णय गरिएको छ। बाँकी निर्णयहरु भने सञ्चालक समितिमा पेश गर्ने, भ्रमण सम्बन्धमा, बधाई तथा शुभकामना र ऋणको सदुपयोगिता अनुगमन सम्बन्धमा भएका छन्।

रुस युक्रेन युद्धका कारण संसार भरीमा छाएको आर्थिक मन्दीले हाम्रो सहकारी र शेयर सदस्यहरुलाई पनि नछोडेकोले ऋण पूर्ण रुपमा असुलिको लागि अति कठिन अवस्था छ।

**२) लगानी तथा असुलिको अवस्था**

बचत तथा ऋण सहकारीको मेरुदण्ड हो। प्रमुख काम बचत गराई ऋण लगानी र असुलि भएकोले हाम्रो सहकारीको पनि आ.व. ०७७/०७८ को अन्त्य सम्ममा रहेको ऋण रकम १६५५१३८९१.३० भएकोमा यस आ.व. ०७८/०७९ मा थप २०६५४६०००.०० लगानी गरिएकोमा यस आ.व.मा १६४७६०५९२.२० ऋण असुली भई यस आ.व.को अन्तमा २०७४१६३०९.०६ ऋण लगानीमा रहेको छ। यस संस्थाले शेयर सदस्यहरुलाई यस आ.व.मा विभिन्न परीयोजनामा लगानी गरेको ऋण र त्यसको ब्याज दर निम्न प्रकारको रहेको छ।

| क्र.सं. | ऋणको प्रकार | लगानी रकम | ब्याजदर |
|---|---|---|---|
| १ | कृषि तथा पशुपालन | १६०३४१०९.५९ | १३.२५ % |
| २ | व्यापार | ९२२९३९००.०२ | १४.५० % |
| ३ | घर जग्गा खरीद | ८१९७६९२७.८७ | १६ .००% |
| ४ | पासबुक जमानत | ६६५२०२५.४६ | १२.५०% |
| ५ | सामुहिक पासबुक जमानत | १०१३६५२९.१२ | १३.००% |
| ६ | शिक्षा तथा स्वास्थ्य | ३२२८१७.०० | १५.००% |

**३)** भाका नाघेको ऋणको अवस्था र सुरक्षण आ.व. ०७८/०७९ को अन्त्यमा संस्थाले कुल लगानी गरेको ऋण रकम २०७४१६३०९.०६ रहेको छ। जस मध्य जसलाई Loan Aging Table द्वारा विश्लेषण गर्दा भाखा नाघेको ऋण १०९७०९७६.५४ रहेको छ जो कुल ऋण लगानीको अनुपातमा ५.२९ प्रतिशत हुन आउँछ। यो पर्ल्सको अन्तराष्ट्रिय मापदण्डले संस्थामा भाखा नाघेको ऋण बढि भएको देखाँउछ।

**आदरणिय शेयर सदस्यज्यूहरु,**

रुस युक्रेन युद्धका कारण देशभरी आर्थिक मन्दी भई शेयर सदस्यहरुको ऋण तिर्ने क्षमतामा ह्रास आएको ऋण क्षमता भन्दा बढि हुन पुगेकाले लगानीमा रहेको ऋणको अनुपात बढी देखिएको छ । यसका लागि संस्था द्वारा विभिन्न कार्ययोजना निर्माण तथा निर्णय गरी साकोस सबै परिवार असुलीको उपाएमा लागीरहेको र लागीरहने व्यहोरा सम्मानित सभामा अनुरोध गर्दछु ।

भाखा नाघेको ऋणको विवरण निम्न छ ।

क) सम्पूर्ण भाखा नाघेको जम्मा ऋण : नभएको

ख) एक वर्ष भन्दा बढी भाखा नाघेको ऋण : २२२८७९४.८५

ग) एक महिना देखि १२ महिना सम्म भाखा नाघेको ऋण: ८७४२१८१.६९

घ) असल भाखा ननाघेको ऋण : १९६४४५३३२.५२

ङ) उपरोक्त ऋण को प्रोवेसन (पर्ल्स) मापदण्ड अनुसार सुरक्षण कोष रकम तपसिलले छुट्याइएको छ ।

१. एक बर्ष भन्दा माथि भाखा नाघेको ऋणको १०० प्रतिसत : रु. २२२८७९४.८५

२. एक बर्ष १२ महिना सम्म भाखा नाघेको ३५ प्रतिशत : रु. ३०५९७६३.५९

३. असल ऋणको १ प्रतिशत : रु. १९६४४५३.३३

पुरा भएको व्यहोरा अनुरोध गर्दछु । संस्थाको वृद्धि र विकाश त्यस संस्थाबाट आफ्नो आय श्रोत वृद्धि गर्न ऋण लिनु भएका शेयर सदस्यहरुको हातमा निर्भर रहने भएकाले सम्पुर्ण सदस्य ज्युहरुलाई आफ्नो संस्थाको भविष्यलाई मध्यनजर गरेर जसरी ऋण लैजाने बेलामा सहजताका साथ लागियो त्यसै गरी बुझाउन आग्रह समेत अनुरोध गर्न चाहन्छु ।

**४) ऋण लगानीको सिमा र व्याजदर**

सदाझै गत बर्षमा पनि संस्था बाट विभिन्न शिर्षकहरुमा लगानी सिमा संस्थाको पुँजी कोषको आधारमा लगानी गरी राखिएको र यसको सिमा संस्थाको प्राथमिक पुँजी कोषको आधारमा समय समयमा संचालक समितिको बैठक बाट निर्णय गरी मिलान गरीएको छ । ब्याजदर मिलान गर्दा बजार सर्वेक्षणका आधारमा मात्र मिलान गर्ने गरिएको छ । हाल संस्थाको बचत तथा ऋणको तपशिल अनुसारका शिर्षकहरुमा तपशिल अनुसारको ब्याजदर कायम गरेको छ ।

| बचतका प्रकारहरु | ब्याजदर | ऋणका प्रकारहरु | ब्याजदर |
|---|---|---|---|
| १. मासिक बचत | ९.५० % | १. हायर पर्चेज | १६.०० % |
| २. बाल बचत | ११.०० % | २. घर जग्गा खरिद | १६.०० % |
| ३. ऐच्छिक बचत | ७.०० % | ३. व्यापार व्यवसाय | १४.५० % |
| ४. गृहणी बचत | ७.५० % | ४. कृषि तथा पशुपालन | १३.२५ % |
| ५. दैनिक बचत | ६.०० % | ५. सामुहिक बचत जमानत | १३.०० % |
| ६. आवधिक बचत (१ बर्ष) | १०.०० % | ६. एकल बचत जमानत | १२.५०० % |
| ७. आवधिक बचत (२ बर्ष) | ११.०० % | ७. अन्य विविध सामाजिक | १६.०० % |
| ८. आवधिक बचत (३ बर्ष) | १२.०० % | ८. शिक्षा तथा स्वास्थ्य | १५.०० % |
| ९. आवधिक बचत (६ महिना) | ९.०० % | | |

माथि उल्लेखित बचत तथा ऋणका प्रकारहरुमा न्युनतम र अधिकतम संस्थाको ऋण नीतिमा भएको व्यवस्थाको अधिनमा रहि सम्बन्धित व्यवसाय दर्ता हुनुपर्ने र आवश्यकताको आधारमा बजार सर्वेक्षण गरी संचालक समितिको बैठकको निर्णय बमोजिम भएको व्यहोरा अनुरोध छ ।

जसरी मानिसलाई बाँच्न, स्वतन्त्र रहन, स्वस्थ रहन, प्रगति उन्नति गर्नका लागी मुटु तथा मेरुदण्डको स्वस्थताको आवश्यकता पर्दछ त्यसरी नै बचत तथा ऋण सहकारीलाई स्वस्थ रहि प्रगति गर्नको लागी बचत गराउने, ऋण लगानी र अशुली गर्ने नै कार्य कति स्वस्थ छ भन्ने मा निर्भर रहने भएकाले सम्पुर्ण शेयर सदस्य ज्युहरुलाई आफ्नो सहकारी स्वस्थ राख्न अनुरोध गर्दै विदा हुन्छु ।

धन्यवाद ! जय सहकारी । जय जनकल्याण ॥

**ऋण उप-समिति**
संयोजक : यामकुमारी घर्ती भुजेल
सदस्य : कविराम फौजा
सदस्य : गिता नेपाली

**हार्दिक श्रद्धाञ्जली**



**जन्म मिति**
**२०५१/०१/२८**

**स्वार्गारोहण**
**२०७८/१०/२६**

यस संस्थाका आदरणीय शेयर सदस्य (१६४३) **गणेश कामी** को २७ वर्षको उमेरमा भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं । संस्थाको यस छोटो जीवनकालमा भएको अपुरणीय क्षतिबाट सिर्जित दुःखद् घडीको स्मरण गर्दै स्वर्गीय आत्माको चिर-शान्तिको कामना सहित **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दछौं ।

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
**वीरेन्द्रनगर-१, सुर्खेत**

# २७औं वार्षिक साधारणसभामा प्रस्तुत शिक्षा उप-समितिको प्रतिवेदन-२०७९



हाम्रो यस जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. को आज सम्पन्न हुन गइरहेको २७औं वार्षिक साधारण सभाका अध्यक्ष ज्यु, विशेष अतिथि ज्यु, सल्लाहकार समितिका संयोजक तथा सदस्य ज्युहरु, संचालक समितिका मित्रहरु, विभिन्न उपसमितिका सदस्य ज्युहरु, लेखा समितिका संयोजक तथा सदस्य ज्युहरु, पुर्व संचालक समिति तथा उपसमिति, पत्रकार, स्वयमं सेवक ज्युहरु, व्यवस्थापक लगाएत कर्मचारी साथिहरु, बाल सदस्य भाईबहिनिहरुका साथै शेयर सदस्य महानुभावहरु लगाएत उपस्थित सम्पूर्ण सहकारी प्रेमि महानुभावहरुमा म शिक्षा उपसमितिको तर्फबाट सहकारी अभिवादन टक्रयाउन चाहान्छु ।

यस गरिमामय २७औं साधारण सभामा शिक्षा उपसमितिको तर्फबाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाँउदा अत्यन्त गौरवान्वित महसुस गरेको छु । शिक्षा नै परिवर्तन र विकासको मेरुदण्ड हो । शिक्षाले देशको आर्थिक, सामाजिक, राजनितिक लगाएत सम्पुर्ण पक्षलाई रुपान्तरण गर्दछ । मानव जिवन तथा समुदायको उन्नति र प्रगतिको आधार पनि शिक्षा नै हो । शिक्षाले सहकारीको माध्यमबाट समुदायको चौतर्फि विकास गर्दछ । २६औं साधारण सभामा प्रस्तुत गरिएका महत्वपुर्ण प्रस्तावित कार्यक्रमहरु कतिपय कोरोना भाइरसको कारणले वर्षको सुरुवाती महिनाहरुमा हुन सकेनन् । अन्तमा स्थानिय निर्वाचन सहकारीको स्थापना दिवसले पनि केही प्रभाव पार्यो र सबै कार्यक्रमहरु सम्पन्न हुन नसकेको मा क्षमा माग्दै आ.व. २०७८/०७९ मा यस उपसमितिद्वारा गरिएका विभिन्न कार्यक्रमलाई प्रस्तुत गर्न चाहन्छु ।

- श्री त्रिपुरेश्वर मा.वि.को सभाहलमा १३४ जना नयाँ शेयर सदस्य ज्युहरु लाई सहकारी तथा वित्तिय साक्षरता सम्वन्धि तालिम कार्यक्रम सम्पन्न गरिएको ।
- माध्यामिक तह स्तरिय "कोभिड १९ पछि नेपालको अर्थतन्त्र सवलिकरणका उपायहरु" शिर्षकमा वक्तित्वकला प्रतियोगिता आयोजना गरिएको ।
- पढाईमा कक्षागत उत्कृष्ट बाल बचतकर्ता भाई-बहिनिहरुलाई पुरस्कृत गरिएको ।
- नेफ्स्कुनको आयोजनामा आयोजित शिखर गोष्ठिमा संस्थाका अध्यक्ष श्री महेन्द्रप्रसाद शर्माको सहभागिता भएको ।
- संस्थाका कर्मचारीहरु लाई जिम्मेवारीगत फाँटको विभिन्न क्षमता अभिवृद्धि तालिममा सहभागी ।
- सफल सहकारीहरुको संचालक समिति उपसमिति तथा कर्मचारीद्वारा अध्ययन भ्रमण तथा अवलोकन कार्यक्रम ।
- ५२७ जना शेयर सदस्यहरुको सन्तुष्टि सर्वेक्षण कार्यक्रम ।
- नेफ्स्कून तथा प्रोवेशन सम्बन्धी विभिन्न तालिम कार्यक्रमहरुमा सहभागी ।
- प्रोवेशन कार्यक्रम अन्तर्गत "पूर्ण तथा व्यवसायिक साकोस कार्यक्रम" मा भेरी कर्णाली दोस्रो समूह अन्तर्गतको कार्यशाला हाम्रो सहकारीद्वारा सिद्धार्थ होटलमा सम्पन्न गरिएको ।

**उल्लेखित कार्यक्रमहरुलाई विस्तृत रुपमा निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।**

| क्र.सं. | तालिम/कार्यक्रमको नाम | सहभागि संख्या | मिति | आयोजक संस्था |
|---|---|---|---|---|
| १. | नेफ्स्कुनको साधारण सभा | खुमलाल न्यौपाने एक जना | २०७८ मंसिर २ देखि ४ गते सम्म | नेफ्स्कुन |
| २. | वस्तु तथा सेवा विकास तालिम | खुमलाल न्यौपाने एक जना | २०७८ फागुन २१ देखि २३ सम्म | नेफ्स्कुन |
| ३. | नक्कली नोट पत्ता लगाउने तालिम | पार्वती भण्डारी एक जना | २०७८ फागुन ११ गते | राष्ट्रिय सहकारी बैंक |
| ४. | सहकारीको राष्ट्रिय गोष्ठि २०७९ | महेन्द्र प्रसाद शर्मा एक जना | २०७९ जेष्ठ २९ र ३० गते | नेफ्स्कुन |
| ५. | सहकारी शिक्षा शिविर | शेयर सदस्यहरु १३४ जना | २०७८ फागुन १३ गते | जनकल्याण साकोस |
| ६. | सहकारी अध्ययन अवलोकन भ्रमण | २२ जना (३ वटा सहकारी अवलोकन) | २०७८ चैत्र १ देखि ५ गतेसम्म | जनकल्याण साकोस |
| ७. | प्रोवेसनको समिक्षा कार्यशाला गोष्ठिको आयोजना | ५० जना | २०७८ पौष | जनकल्याण साकोस |
| ८. | प्रोवेसनको समिक्षा कार्यशाला गोष्ठिमा सहभागिता | २ जना | २०७८ चैत्र २० देखि २४ सम्म | छायाँनाथ साकोस मुगु |
| ९. | साकोस शिखर गोष्ठीमा सहभागिता | महेन्द्र प्रसाद शर्मा अध्यक्ष | २०७९ जेठ २९ र ३० गते | नेफ्स्कुन |

**गरिमामय सभाका अध्यक्ष महोदय,**

शिक्षा उपसमितिद्वारा आगामी आर्थिक वर्ष ०७९/०८० का लागि प्रस्तावित कार्यक्रमहरु तपशिल बमोजिम रहेका छन् जसलाई नयाँ निर्वाचित शिक्षा उपसमितिले पनि प्रभावकारी रुपमा प्रस्तावित कार्यक्रमहरुलाई सम्पन्न गर्नको लागि सहयोगको अनुरोध गर्दछु।

- नयाँ निर्वाचित संचालकहरु तथा उपसमितिको क्षमता विकास तालिम संचालन गर्ने।
- कार्यरत कर्मचारीहरुको जिम्मेवारीगत क्षमता अभिवृद्धि तालिममा सहभागि गराउने।
- नयाँ शेयर सदस्यहरुलाई सहकारी शिक्षा वित्तिय साक्षरता तालिम आयोजना गर्ने।
- ऋणी सदस्यहरुलाई ऋण शिक्षा तालिम संचालन गर्ने।
- माध्यामिक तह स्तरीय सहकारीको महत्व शिर्षकमा वक्तित्वकला प्रतियोगिता आयोजना गर्ने।
- मापदण्डका आधारमा शेयर सदस्यहरुलाई व्यवसायिक सिपमूलक तालिम संचालन गर्ने।
- कक्षागत उत्कृष्टताका आधारमा बाल बचतकर्ता हरुलाई पुरस्कार तथा सम्मान कार्यक्रम गर्ने।
- प्रोवेशनका तालिम कार्यक्रममा सहभागीता र क्षमता वृद्धि गर्ने।
- नयाँ वर्षको अवसरमा सदस्य भेटघाट तथा शुभकामना आदान प्रदान कार्यक्रम गर्ने।
- सेवा क्षेत्र भित्रका टोल टोलमा जनकल्याण कार्यक्रम संचालन गर्ने।

अन्तयमा, यस शिक्षा उपसमितिद्वारा संचालित कार्यक्रमलाई सफल पार्न सहयोग गर्नुहुने महानुभावहरु लाई हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु साथै प्रस्तुत प्रतिवेदन अध्ययन गरी आवश्यक सल्लाह सुझाव सहित प्रतिवेदनलाई अनुमोदनका लागि यस गरिमामय सभा समक्ष हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ! जय सहकारी । जय जनकल्याण ।।

**शिक्षा उप-समिति**

संयोजक : टिकाराम आचार्य

सदस्य : नविन कुमार कंडेल

सदस्य : लक्ष्मण शर्मा

**हार्दिक श्रद्धाञ्जली**



**जन्म मिति**
**२०१५/०१/१५**

**स्वार्गारोहण**
**२०७८/०६/१६**

यस संस्थाका आदरणीय शेयर सदस्य (१०३) **लिलावती खत्री** को ६३ वर्षको उमेरमा भएको असामयिक निधनबाट हामी अत्यन्त मर्माहित भएका छौं । संस्थाको यस छोटो जीवनकालमा भएको अपुरणीय क्षतिबाट सिर्जित दुःखद् घडीको स्मरण गर्दै स्वर्गीय आत्माको चिर-शान्तिको कामना सहित **हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दछौं ।

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. परिवार**

**वीरेन्द्रनगर-१, सुर्खेत**

# २७औं वार्षिक साधारणसभामा प्रस्तुत सामाजिक समन्वय उप-समितिको प्रतिवेदन-२०७९



आदरणिय सभाध्यक्ष महोदय, प्रमूख अतिथिज्यू, विशेष अतिथिज्यू, संचालक समितिका मित्रहरु, उप-समितिका साथिहरु, सल्लाहकारज्युहरु तथा आदर्णिय २७औं वार्षिक साधारणसभालाई भव्य र सव्य रुपमा सम्पन्न गर्न पाल्नु भएका शेयर सदस्य महानुभावहरु सवैमा मेरो र सामाजिक समन्वय उप-समितिको हार्दिक सहकारी अभिवादन ।

**आदरणिय शेयर सदस्यज्यूहरु**

सहकारी संस्थाको नीति अनुसार प्रतेक वर्ष सम्पन्न गर्नु पर्ने साधारण सभामा यस जनकल्याण साकोसले पनि आफ्नो २७औं साधारण सभामा सामाजिक समन्वय उप-समितिको प्रतिवेदन पेश गर्न पाउदा हर्षित छु । संस्थाको २०७८/७९ को २६औं साधारण सभावाट पारित नीति नियम र वार्षिक कार्यक्रमको आधारमा संचालक समितिको निर्णय र सामाजिक समन्वय उप-समितिले प्रस्तुत गरेको कार्यक्रम तपशिल अनुसारले गरिएको व्यहोरा अनुरोध गर्दछु ।

१) संस्थाको २७औं स्थापना दिवसको अवसरमा रक्तदान कार्यक्रम सम्पन्न गरिएको छ ।
२) ज्ष्ठ सदस्य भेला र सम्मान कार्यक्रम सम्पन्न गरिएको छ ।
३) ७५ वर्ष माथिको जेष्ठ सदस्यलाई नीति र कार्यविधिअनुसार सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने कार्य सम्पन्न भएको छ ।
४) वाल वालिकाको अन्तरनिहित प्रतिभा प्रस्तुत गर्न कोभिड १९ ले पारेको सहकारीको आर्थिक असर सुधार गर्ने उपाय शिर्षकमा वक्तित्वकला प्रतियोगिता सम्पन्न ।
५) सदस्यहरु तथा परिवारजनमा परेको मृत्यु जन्म विपदलाई राहत पुर्याउन संस्थाको नीतिअनुसार राहत वितरण कार्य सम्पन्न ।
६) सदस्यहरु सुत्केरी भएको अवस्थामा थोरै भएपनि राहत महसुस गराउन राहत वितरण सम्पन्न ।
७) वाल वालिकालाई जन्म दिनको अवसरमा उपहार प्रदान कार्यक्रम सम्पन्न भएको छ ।

**आदर्णिय शेयर सदस्यज्यूहरु**

सहकारी सामाजिक व्यवसाय हो साथै उधमशिलता र लोकतान्त्रिक सहभागिता यसको मुल मान्यता हुन् । सहकारी अभियानले जनतालाई एकतावद्द गर्छ र सामुहिक रुपमा प्रतिफल बाड्छ। सहकारिता आर्थिक विद्धिको अभियान भएकाले सामाजिक सास्कृतिक वातावरणिय विकास र सहभागितालाई प्रवर्दन गर्छ । अत: म यस जनकल्याण साकोसको सामाजिक समन्वय उप-समिति आगामी वर्ष २०७९/८० मा समाजमा गरिने र गर्नुपर्ने कार्यक्रमहरु तपशिल अनुसारले राख्न चाहान्छु ।

१) २८औं स्थापना दिवसको शुभ अवसर पारेर रक्तदान कार्यक्रमलाई निरन्तरता दिईने छ ।
२) जेष्ठ सदस्य भेला तथा जेष्ठ सदस्य सम्मान कार्यक्रमलाई निरन्तरता दिईने छ ।
३) महिला शेयर सदस्य विद्धि कार्यक्रमलाई विशेष प्राथमिकतामा राखिने छ ।

४) वाल सदस्य विद्धि र वाल सदस्यको जन्म दिवसमा दिईने उपहारलाई विद्धि गरिने छ ।
५) विधालयमा सहकारी शिक्षा कार्यक्रम संचालन गरिने छ ।
६) नयाँ बुहारी छिमेकी कार्यले निरन्तरता पाउने छ ।
७) सुत्केरी पोषण कार्यलाई प्राथमिकतामा राखिने छ ।

**आदर्णिय शेयर सदस्यज्यूहरु**

अन्तमा सहकारी भनेको सदस्य स्वयमले आफ्नो लागि आफै संचालन गर्ने सामाजिक संस्था भएकाले सबै शेयर सदस्यज्यूहरुले आफ्नो छिमेकमा वसोवास गर्ने छिमेकीहरु सँग कुराकानी गरी जनकल्याण साकोसमा आवद्धता नभएको भए शेयर सदस्य साथि बनाई सामाजिक उत्तरदायित्व वहन गरिदिनुहुन आग्रह र अनुरोध गर्दै विदा हुन्छु ।

जय सहकारी । जय जनकल्याण ।।

**सामाजिक समन्वय उप-समिति**

संयोजक : लक्ष्मी खड्का
सदस्य : तुल्सी प्रसाद अधिकारी
सदस्य : दिनेश खत्री

## बाल बचत योजनाको सदस्य हुन आवश्यक पर्ने कागजातहरू

- बालकको अभिभावक स्वयम् उपस्थित भई निवेदनका साथ आवेदन फारम भर्नुपर्ने,
- अभिभावक अनिवार्य रुपमा सो सहकारी संस्थाको शेयर सदस्य बनेको हुनुपर्ने,
- बालकको जन्मदर्ताको प्रमाण-पत्रको फोटोकपी पेश गर्नुपर्ने,
- सम्भव भए बाल बचत योजनामा सामेल हुने बच्चाको पासपोर्ट साइजको फोटो १ प्रति ।

सहकारीका मूल्य र मान्यताहरु

**आधार मूल्य**

१. स्वावलम्बन/आत्म सहयोग
२. प्रजातन्त्र
३. स्व-उत्तरदायित्व
४. समानता
५. न्याय
६. ऐक्यवद्धता

**नैतिक मूल्य**

१. इमान्दारिता
२. खुलापन
३. सामाजिक उत्तरदायित्व
४. अरुको हेरचाह

C. Acharya & Associates
CHARTERED ACCOUNTANTS

## श्री जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि. का शेयर सदस्यहरुलाई स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

हामीले श्री जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि., वीरेन्द्रनगर, सुर्खेतको यसै साथ संलग्न मिति २०७९/०३/३२ को स्थिती विवरण पत्र (वासलात), सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७/०७८ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण तथा लेखा नीतिहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

हामीले लेखापरिक्षण गर्दा लेखाका सर्वमान्य सिद्धान्त, नेपाल लेखापरीक्षणमान तथा प्रचलित अन्य लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि ती लेखापरीक्षणमान अनुसार योजना तयार गरी तदअनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वितीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

उपरोक्त अनुसार हामीले परीक्षण गरेका वित्तीय विवरणहरुको आधारमा देहाय अनुसार प्रतिवेदन पेश गरेका छौं :

क) लेखा परिक्षण सम्पन्न गर्न आवश्यक ठानिएका सूचना एवं स्पष्टीकरणहरु उपलब्ध भएका छन् ।

ख) यस प्रतिवेदनसँग सम्बन्धित वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण सहकारी विभागबाट जारी भएका निर्देशनहरु एवम् प्रचलित कानुनलाई आधार गरी तयार भएका छन् र संस्थाले राखेका हिसाब किताबसँग दूरुस्त रहेका छन् ।

ग) आ.व.२०७८/०७९ मा पुर्व सदस्यको बाँकि बचत रु.५,९२३.६० र जग्गाको मुल्य सरकारी दरमा कायम हुने गरी पुनर्मुल्यांकन गर्दा बढेको रकम रु. ११,२२,५६९.०० जगेडा कोषमा थप गरिएको छ ।

घ) हामीले लेखा परीक्षण गरेका श्रेष्ताहरुको आधारमा संस्थाको कारोवार सन्तोषजनक रहेको पाइयो ।

ङ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र हामीले परिक्षण गरेका श्रेस्ताहरुबाट संचालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले कानुनी व्यवस्था विरुद्ध कामकाज वा हानी नोक्सानी गरेको, वा संस्था वा निक्षेपकर्ताको सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौं ।

माथिको बुँदा नं. (ग) मा उल्लेखित विषयवस्तु र सोको वितिय विवरणमा पर्ने असर वाहेक हाम्रो रायमा संलग्न वितीय विवरणले प्रचलित सिद्वान्त अनुसार आषाढ मसान्त, २०७९ को वितीय स्थिति, सो मितिमा समाप्त वर्षको संचालन नतिजा र नगद प्रवाहको सारभूत रुपमा यथार्थ एवं समुचित चित्रण गर्दछ ।

C. Acharya & Associates Kathmandu Chartered Accountants

सि. ए. छबिलाल आचार्य
सी. आचार्य एण्ड एशोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

स्थान : सुर्खेत
मिति : २०७९।०५।०८

UDIN No.: 220826CA00719GU8aV

4th Floor, City Top Building
New Baneshwor Chowk, Kathmandu
Mobile: 9858054000 E-mail: chhabi.aacharya@gmail.com

**जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.**

**वीरेन्द्रनगर, सुर्खेत**

**वासलात**

**२०७९ आषाढ ३२ गते**

| विवरण | टिप्पणी नं. | आषाढ ३२, २०७९ | आषाढ ३१, २०७८ |
|---|---|---|---|
| **पूँजी तथा दायित्व** | | | |
| शेयर पूँजी | १ | २४,८१४,२००.०० | २०,२१३,७००.०० |
| जगेडा कोष | २ | १४,१८९,७४९.३४ | १०,१९१,०४९.५१ |
| अनिवार्य कोषहरु | २ | ६,३६८,६८५.६२ | ५,४५६,४१९.९७ |
| वाह्य ऋण | ३ | १०,०००,०००.०० | - |
| बचत (निक्षेप) | ४ | १८९,०७३,७९३.५० | १६३,४२७,६३१.८२ |
| तिर्नु पर्ने, अन्य कोष तथा व्यवस्थाहरु | ५ | ८,८०६,१६८.१३ | ५,८५३,३७२.४२ |
| **जम्मा** | | २५३,२५२,५९६.५९ | २०५,१४२,१७३.७२ |
| **सम्पत्ति तथा जायजेथा** | | | |
| नगद तथा बैंक मौज्दात | ६ | ३८,६७५,६३५.५८ | ३३,३५८,६१०.९३ |
| पाउनुपर्ने, धरौटी तथा सापटी | ७ | ७९६,८६६.६८ | ९९७,०८५.४५ |
| सामाग्री मौज्दात | | ८४,४८२.६२ | ६७,९१४.८७ |
| कर्जा लगानी हिसाव | ८ | २०७,४१६,३०९.०६ | १६५,५१३,८९१.३० |
| लगानी हिसाव | ९ | २,३२१,२३४.०८ | २,२८३,००४.०६ |
| स्थिर सम्पती | १० | ३,९५८,०६८.५७ | २,९२१,६६७.११ |
| **जम्मा** | | २५३,२५२,५९६.५९ | २०५,१४२,१७३.७२ |

संलग्न टिप्पणीहरु वितिय विवरणहरुका अभिन्न अंग हुन् ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

खुमलाल न्यौपाने
व्यवस्थापक

हरीप्रसाद पौड्याल
कोषाध्यक्ष

चन्द्रबहादुर सुनार
सचिव

महेन्द्रप्रसाद शर्मा
अध्यक्ष

सि. ए. छबिलाल आचार्य
सी. आचार्य एण्ड एशोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

## जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि.
### वीरेन्द्रनगर, सुर्खेत
### नाफा (नोक्सान) हिसाब
### २०७८ श्रावण ०१ गते देखि २०७९ आषाढ ३२ गते सम्म

| विवरण | टिप्पणी नं. | आ.व.२०७८।०७९ | आ.व.२०७७।०७८ |
|---|---|---|---|
| **ब्याज आम्दानी** | | | |
| कर्जा लगानीमा ब्याज | | २८,८२०,२६८.०३ | २१,५६६,२५९.४२ |
| बैक मौज्दातमा ब्याज | | १,४४१,०९३.४३ | ९४५,५९२.४९ |
| **कुल ब्याज आम्दानी (क)** | | ३०,२६१,३६१.४६ | २२,५११,८५१.९१ |
| **ब्याज खर्च** | | | |
| निक्षेपमा ब्याज | | १५,९६०,५६५.९७ | ११,२५३,६०६.३० |
| वाह्य ऋणमा ब्याज | | १७,४६६.०० | ५२२,३४५.०० |
| ऋणको ब्याजमा छुट खर्च | | ५७०,१२६.७५ | ७०९,९२०.१८ |
| **कुल ब्याज खर्च (ख)** | | १६,५४८,१५८.७२ | १२,४८५,८७१.४८ |
| **खुद ब्याज आम्दानी (ग = क-ख)** | | १३,७१३,२०२.७४ | १०,०२५,९८०.४३ |
| अन्य संचालन आम्दानी (घ) | ११ | २,६३६,७९५.८७ | १,५६६,३८३.३३ |
| **कुल संचालन आम्दानी (ङ = ग-घ)** | | १६,३४९,९९८.६१ | ११,५९२,३६३.७६ |
| **संचालन खर्च** | | | |
| कर्मचारी तलब भत्ता | १२ | ३,०९५,१८८.९५ | २,५२८,४५९.३५ |
